# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३४९ | काठमाडौं | बुधबार, ५ वैशाख २०८१ | Prabhab National Daily | Wednesday, April 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-



**लोकतन्त्रको उपलब्धिको रक्षा गरौं**

- समावेशी सहभागिताको सुनिश्चितता
- नागरिक स्वतन्त्रताको संरक्षण
- अभिव्यक्ति स्वतन्त्रता
- संवैधानिक सरकार
- आवाधिक निर्वाचन
- वालिक मताधिकार
- न्यायिक स्वतन्त्रता
- विधिको शासन
- सूचनाको हक

*"लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं"*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


### सुदूरपश्चिमले अझै पाएन मुख्यमन्त्री

# प्रदेश प्रमुख मियाँ गठबन्धनको गोटी बनेको आरोप

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुदूरपश्चिमका प्रदेश प्रमुख नजिर मियाँले मंगलबार पनि प्रदेश सरकारमा नयाँ नेतृत्व दिन सकेनन् । संघीय गठबन्धनभन्दा बाहिर गएर सरकार गठन हुन लागेपछि उनले सरकार गठनको प्रक्रिया नै रद्द गरी नयाँ प्रक्रिया थालेका छन् । प्रदेश प्रमुख मियाँ संघीय गठबन्धनको गोटी बन्दा मुख्यमन्त्री नियुक्त हुन नसकेको नेपाली कांग्रेसको आरोप छ ।



**नजिर मियाँ**
**प्रदेश प्रमुख**

नेकपा एमालेका सल्लाहकार मियाँलाई पुष्पकमल दाहाल नेतृत्वको सरकारले फागुन ३० गते सुदूरपश्चिमको प्रदेश प्रमुखमा नियुक्ति दिएको थियो । उनै प्रदेश प्रमुखले संविधानअनुसार मुख्यमन्त्री नियुक्त गर्न दिएको १० दिनको समयमा गरिएको प्रक्रिया रद्द गरी अर्को प्रक्रिया सुरु गरेका हुन् ।

नयाँ प्रक्रियाअनुसार अब बिहीबार साँझ ५ बजेसम्म संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सरकारको नेतृत्वका लागि दाबी पेस गर्नुपर्ने छ । नेपाली कांग्रेसबाट मुख्यमन्त्री बनेका कमलबहादुर शाहले चैत २२ गते राजीनामा दिएपछि मियाँले १० दिनको समय दिएर आवेदन आह्वान गरेका थिए । उक्त अवधिको अन्तिम दिन आइतबार नागरिक उन्मुक्ति पार्टीका लक्ष्मणकिशोर चौधरी र कैलाशकुमार चौधरीले मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)



दुई दिनको समय लम्ब्याउनु असंवैधानिक कदम हो । हामीलाई बदर गर्न खोज्नुभएको छ । उहाँले संविधान मिच्ने काम गर्नुभएको छ ।

■ **लक्ष्मणकिशोर चौधरी**
**नागरिक उन्मुक्ति पार्टी**



समयसीमा सकिएपछि अर्को समय थपिएको थिएन । दुईदिने समय लिएर हस्यास्पद काम प्रदेश प्रमुखले गर्नुभएको छ । यसलाई तुरुन्तै सच्याउनुपर्छ ।

■ **कमलबहादुर शाह**
**कमचलाउ मुख्यमन्त्री**

## लफडाबीच मधेसका मुख्यमन्त्रीले पाए विश्वासको मत

### तोडफोड हुँदा चार लाखको क्षति भएको दाबी



**काठमाडौं (प्रस)–** विपक्षीको बहिस्कारकाबीच मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत पाएका छन् । मंगलबार यादवले विश्वासको मतका लागि प्रस्ताव पेस गर्न लाग्दा लफडा भएको थियो ।

दिउँसो सुरु भएको बैठकमा विवाद भएपछि झण्डै पाँच घन्टापछि ७ बजे सुरु भएको मधेस प्रदेशसभामा लफडा हुँदा कुर्सी, माइक र सिसिटिभी क्यामरा तोडफोड भएको थियो । तोडफोडमा परी चार लाख रूपैयाँ बराबरको क्षति भएको प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले बताए ।

(क्रमशः पृष्ठ २ मा)

### सहकारी ठगी प्रकरण

# कानुनभन्दा माथि गृहमन्त्री !



- अनुसन्धान प्रक्रियामै रहँदा रवि गृहमन्त्री बनेपछि प्रहरी अनुसन्धान फितलो
- सुशासन समितिमा सफाइको प्रयास, प्रमाणविना बारम्बार खण्डन
- सुप्रिम सहकारीको दुई करोड अपचलन गरेको प्रहरी निष्कर्ष
- आरोपितमाथि धमाधम कारबाही हुँदा उस्तै प्रकरणबाट उम्किने प्रयासमा गृहमन्त्री

■ **जेबी योञ्जन**

**काठमाडौं–** गत पुसको सुरुमै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका गृहमन्त्री रवि लामिछानेले सहकारीको रकम अपचलन गरेको समाचार सञ्चारमाध्यममा आए । समाचारले ठूलै तरंग ल्यायो ।

पालैपालो पोखराको सूर्यदर्शन र बुटवलको सुप्रिम बचत तथा ऋण सहकारीको रकम उनले अपचलन गरेको खुल्यो । अचम्म त के भने सहकारीको सदस्य नभईकन आफू प्रबन्ध निर्देशक रहेको तत्कालीन गोर्खा मिडिया नेटवर्कको नाममा र आफ्नो व्यक्तिगत खातामा सहकारीबाट रकम ट्रान्सफर गराएको भौचर सार्वजनिक भए ।

ग्यालेक्सी टेलिभिजन छाड्दा त रविको खातामा ग्लोबल आइएमई बैंकबाट सेयरबापतको एक करोड ८० लाख रूपैयाँ आएको देखियो । तर, रविले बारम्बार खण्डन गरे । तर, उनले दिने स्पष्टीकरण चित्तबुझ्दो थिएन । यसपछि गत ८ माघमा पत्रकार सम्मेलन गरेर प्रस्ट पार्ने प्रयास गरे । त्यसबेला ग्यालेक्सी छाडेपछि ग्लोबल आइएमई बैंकमा रहेको आफ्नो खातामा एक करोड ८० लाख रूपैयाँ जम्मा नभएको बताए ।

त्यहीबेला लामिछानेले आफ्ना साझेदार गितेन्द्रबाबु (जिबी) राईसँग मिलेर अन्य जिल्लाका सहकारीको रकम पनि अपचलन गरेको समाचार विवरणहरू सार्वजनिक भइरहेका थिए । र, तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले लामिछानेसमेत मुछिएको सहकारी अपचलन काण्डमा छानबिन गर्न प्रहरीलाई निर्देशन दिएका थिए । छानबिनको क्रम चलिरहेकै थियो ।

त्यहीबेला रवि नारायणगढ-बुटवल सडक निर्माण छिटो सम्पन्न गर्न दबाबमूलक यात्रामा निस्किए । पार्टीका नेता कार्यकर्तासँग दबाब यात्रामा निस्किएका उनले तत्कालीन गृहमन्त्री श्रेष्ठविरुद्ध पक्राउ पर्ने भय मिश्रित आक्रोश ओकले । संसद् र राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा पनि रविले श्रेष्ठलाई निशाना बनाए ।

समिति बैठकमा रविलाई लक्षित गर्दै श्रेष्ठले भनेका थिए, 'अहिले खुट्टा उचाले पनि समाइन्छ ।' यसपछि रवि झन् झस्किए । आतंकित थिए । जुन उनका त्यसबेलाका अभिव्यक्तिहरूमा झल्किन्थ्यो । यतिसम्मकी पक्राउ पर्नबाट जोगिन उनी तत्कालीन कांग्रेस-माओवादीसहितको सत्ता गठबन्धनमा आएर गृहमन्त्री हुन चाहेको गाइँगुइँ सुनिएको थियो । उनी पक्राउ परेनन् । उनका साझेदार जिबी भने मलेलिया फरार भए । पोखरा, बुटवललगायत विभिन्न सहकारीको रकम अपचलनमा कुनै न कुनै रूपमा संलग्नहरू धमाधम पक्राउ परे । रवि भने जोगिरहे । बरू, गृहमन्त्री भएर सुरक्षित हुन चाहे । नभन्दै २१ फागुनमा कांग्रेस-माओवादीसहितको गठबन्धन भत्कियो । एमाले-माओवादीसहितको बन्यो । गठबन्धनमा एमाले भएपछि रवि पनि आए । गृहमन्त्री पाउन निकै मिहेनत गर्नुपर्‍यो ।

(क्रमशः पृष्ठ २ मा)

## 'ठगठाग गरेर जीवन धान्नुपर्ने हैसियतको होइन'

**काठमाडौं (प्रस)–**गृहमन्त्री रवि लामिछानेले बुटवल प्रहरीले सुप्रिम सहकारीको रकम अपचलनसम्बन्धी गरेको अनुसन्धानमाथि नै अविश्वास प्रकट गरेका छन् । उल्टै सहकारीमा आफ्ना नाममा नक्कली खाता सिर्जना गरी ऋण प्रवाह गरेको उनको आरोप छ ।

गत शुक्रबार मात्रै प्रहरी अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रमा लामिछानेले दुई करोड रूपैयाँ ऋण लिएको विवरण पनि उल्लेख छ । भलै उनलाई प्रतिवादी भने बनाइएको छैन । उनीबाहेकका २८ जना प्रतिवादी छन् ।

यसबारे मंगलबार साँझ दुई बुँदे स्पष्टीकरण फेसबुकमा दिँदै रविले प्रहरी अनुसन्धान प्रतिवेदनको खण्डन गरे । 'ऋण लिएको होइन, मेरो व्यक्तिगत खातामा सहकारीको पैसा आएको, लिएको, गएको केही होइन, छैन,' उनले फेसबुकमा स्टाटस लेखेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

### सन्दर्भ: वैदेशिक रोजगार

### श्रममन्त्री-कतारका राजदूत भेट

# नेपाली कामदारको सीप विकासमा सहयोग गर्न कतार सकारात्मक



■ **प्रभाव संवाददाता**

काठमाडौं- श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले नेपाली कामदारको सीप विकासमा आवश्यक सहयोग गर्न कतारसमक्ष आग्रह गरेको छ । मंगलबार नेपालका लागि कतारका राजदूत मिशाल विन मोहम्मद एलएई अन्सारीसँग मन्त्रालयमा भएको भेटवार्ताका क्रममा मन्त्री अर्यालले उक्त आग्रह गरेका हुन् ।

श्रममन्त्रीको सचिवालयले दिएको जानकारीअनुसार नेपालले वैदेशिक रोजगारीका लागि सीपयुक्त कामदार पठाउन चाहेको भन्दै कतारबाट आवश्यक सहयोगको अपेक्षा गरिएको मन्त्री अर्यालले बताएका थिए । 'हामी सीपयुक्त कामदारको विकास गर्न चाहन्छौं र गन्तव्य मुलुकको आवश्यकताअनुसार नै सीपयुक्त कामदार रोजगारीमा पठाउने पहल गर्ने छौं, त्यसैले कामदारको सीप विकासमा तपाईंहरूलाई सहयोगको लागि आग्रह गर्छौं,' मन्त्री अर्यालले भने ।

नेपाली कामदारलाई रोजगारीका लागि अवसर दिएकोमा पनि मन्त्री अर्यालले राजदूत अन्सारीमार्फत कतार सरकारलाई धन्यवाद दिए । कतारले नेपाली कामदारलाई समान व्यवहार गरेको भन्नेमा विश्वस्त रहेको बताउँदै मन्त्री अर्यालले कतारले मर्यादित र व्यवस्थित श्रमको अभ्यास गरेको भन्दै खुसी व्यक्त गरे ।

मन्त्री अर्यालसँगको भेटमा राजदूत अन्सारीले नेपाल कतारको दोस्रो ठूलो कामदारको स्रोत मुलुक भएको बताए । उनले नेपाली कामदारको प्रशंसा गर्दै कतारको विकासमा उनीहरूको ठूलो योगदान रहेको स्मरण गरे । नेपाली श्रमिकको सीप विकासका लागि सहयोग गर्न कतार सधैं तयार रहेको उनले स्पष्ट पारे ।

(क्रमशः पृष्ठ २ मा)

## युद्धरत क्षेत्रका श्रमिकलाई स्वदेश फर्काउन अपिल

**काठमाडौं (प्रस)–** युद्धरत क्षेत्रमा रहेका नेपाली आप्रवासी श्रमिकको जीवन रक्षा, अवस्थाबारे जानकारी माग गर्दै यथाशीघ्र सुरक्षित स्वदेश फिर्ता ल्याउन अधिकारवादी संस्थाहरूले अपिल गरेका छन् । हाल रुस र युक्रेनबीच चलिरहेको युद्धमा ठूलो संख्यामा नेपाली आप्रवासी श्रमिकहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न गराइएको भन्दै उनीहरूको सुरक्षित स्वदेश फिर्तीका लागि आप्रवासी श्रमिक र श्रमिकका परिवारको हक अधिकारका क्षेत्रमा क्रियाशील सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम) र संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) ले संयुक्त अपिल गर्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

दुई संस्थाले जारी गरेको सयुक्त अपिलमा युद्धरत क्षेत्रमा रहेका नेपाली आप्रवासी श्रमिकहरूको यथार्थ जानकारी बाहिर नआउनु र परिवारसँग उनीहरूको सम्पर्क हुन नसक्नुले त्यहाँ रहेका नेपाली श्रमिकहरूको अवस्था गम्भीर रहेको उल्लेख गरिएको छ । जुनसुकै कारण वा माध्यमबाट युद्धरत क्षेत्रमा पुगेका वा सैनिक भर्नासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डविपरीत युद्धमा संलग्न गराइएको भए पनि उनीहरूको अवस्थाको जानकारी परिवारले पाउनुपर्ने र संकटमा परेका नेपालीहरूको सुरक्षाको दायित्व नेपाल सरकारले लिनुपर्नेमा जोड दिइएको छ ।

पीडित परिवारहरूले गरेका मागको प्रभावकारी सुनुवाइ हुन नसक्नुका साथै त्यहाँ मृत्यु हुने श्रमिकको संख्या दिनप्रतिदिन थपिँदै जानुले समस्या थप जटिल बन्दै गएको अपिलमा उल्लेख छ। तसर्थ नेपाल सरकारले प्रतिबद्धता जनाएका मानवअधिकारसम्बन्धी अन्तर ाष्ट्रिय कानुन, नेपालको संविधान र आप्रवासी श्रमिक र तिनका परिवारको अधिकारसम्बन्धी महासन्धिको प्रावधानले आफ्ना नागरिकको शान्ति सुरक्षा र अवस्थाका बारेमा राज्यले पूरा गर्नुपर्ने दायित्वलाई स्पष्ट पारेको पनि सरकारलाई स्मरण गराइएको छ । द्वन्द्व प्रभावित क्षेत्रमा जोखिमपूर्ण वा उच्च जोखिमको कामका लागि नेपाली आप्रवासी श्रमिकको भर्तीलाई रोक्न उच्चस्तरको तहबाट तत्काल आवश्यक कदम चाल्न पनि नेपाल सरकारसमक्ष संयुक्त अपिलमार्फत जोडदार माग गरिएको छ ।




## पृष्ठ १ बाट क्रमशः

### कानुनभन्दा माथि...

जबकि, आफू मुछिएको सहकारीको रकम अपचलन काण्डको अनुसन्धान गृह मन्त्रालयअन्तर्गतकै प्रहरी प्रशासनले गरिरहेको थियो। यहीँ उनको स्वार्थ बाझिएको थियो । तर, केपी ओली र पुष्पकमल दाहालले सत्ता जोगाउन रविलाई सोही मन्त्रालय दिए । यसको प्रभाव १२ चैतको राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा पऱ्यो । त्यहाँ प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले रवि सहकारीकाण्डमा प्रतिवादी कहीँ नभएको र संलग्न भएको कुनै प्रमाण नभएको बताए । त्यसको केहीदिनअघि प्रधानमन्त्री दाहालले भने रविको संलग्नता नभएको भन्दै 'क्लिनचिट' दिएका थिए ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस रवि सहकारी काण्डमा संलग्न भएको अनेक तथ्य प्रमाण रहेको भन्दै लगातार संसदीय छानबिन समितिको पक्षमा उभिएको थियो। अहिले पनि सोही अडानमा छ, कांग्रेस । यसबीचमा कांग्रेसले संसद् अवरोध गऱ्यो । कांग्रेसको निरन्तर अवरोधकै कारण यही २ वैशाखदेखि संसद् अधिवेशन अन्त्य गरिएको छ । अब बस्ने बजेट अधिवेशनमा पनि कांग्रेसले रविविरुद्ध छानबिन समिति गठनको माग गर्ने प्रमुख सचेतक रमेश लेखकले बताइसकेका छन् ।

यसरी गृहमन्त्री रवि अप्ठ्यारो अवस्थामा रहेकै बेला गैरकानुनी रूपमा सहकारीको रकम लिएको अनुसन्धानबाटै पुष्टि भएको छ। बुटवलको सुप्रिम सहकारीमा भएको ठगीमा अनुसन्धान गरेको प्रहरीले जिबी र रविसहितले 'प्रक्रिया पूरा नगरी व्यक्तिगत तथा कम्पनीका नाममा ऋण लिएर बचत हिनामिना गरेको निष्कर्ष निकालेको छ । तर, पनि रविलाई प्रतिवादी बनाइएन ।

जबकि इलाका प्रहरी कार्यालय बुटवलले गत शुक्रबार जिल्ला सरकारी वकिल कार्यालयमा बुझाएको अनुसन्धान प्रतिवेदनमा गृहमन्त्री लामिछानेले सहकारीबाट गैरकानुनी रूपमा दुई करोड रूपैयाँ रकम लिएको उल्लेख छ ।

बुटवलको सुप्रिम सहकारीबाट मात्रै रवि यसअघि प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया नेटवर्कमा १३ करोड छ लाख रूपैयाँ ट्रान्सफर भएको दस्तावेज प्रहरीबाटै सार्वजनिक भयो । यद्यपि, सत्ता र शक्तिको आडमा रवि जोगिइरहेका छन् । साग बेच्ने किसानदेखि व्यापारीसम्मले बचत गरेको रकम हिनामिना गर्दा पनि उनलाई उन्मुक्ति मिलेको छ ।

मंगलबार भने बुटवलमा सुप्रिम सहकारीका पीडितहरू सडकमा उत्रिए । उनीहरूले रविविरुद्ध प्रश्नैप्रश्न वर्षाएका छन् । सहकारी ठगीका मुख्य आरोपी जिबीलाई पक्राउ किन नगरिएको भन्दै रविलाई सोधेका छन् । पोखरामा पनि यसअघि सूर्यदर्शन सहकारीका पीडितहरू आन्दोलित भएका थिए ।

■■■

### ठगठाग गरेर...

प्रहरी अनुसन्धानले देखाएअनुसार ऋण खाता खोल्दा नागरिकता, ऋण माग गरेको फाराम, केवाइसी फाराम, तीन पुस्ते विवरणलगायतका कुनै विवरण नभएको, ल्याप्चे र हस्ताक्षर केही पनि नभएको पनि स्पष्टीकरण दिएका छन् ।

उनले जिबीका सारा बदमासीको ठेक्का आफूले नलिने पनि बताए । जिबी उनका ग्यालेक्सी टेलिभिजन स्थापना गर्दाका साझेदार हुन् । गोरखा मिडिया नेटवर्क प्रालिले सञ्चालन गरेको उक्त टेलिभिजनकै नाममा सुप्रिमबाट १३ करोड छ लाख रूपैयाँ ट्रान्सफर भएको प्रहरी अनुसन्धानले देखाएको थियो ।

तर, रविले मंगलबार त्यसको खण्डनमात्रै गरेनन्, ठगठाग गरेर जीवन धान्नुनपर्ने व्यक्ति भएको बताए । 'म ऋण मागकर्ता थिएँ कि ? ऋण दिने सहकारीको आधिकारिक व्यक्ति थिएँ ? कि म दुई/चार करोड ठगठाग गरेर जीवन धान्नुपर्ने हैसियतहीन मान्छे हुँ ?,' गृहमन्त्री लामिछानेले स्टाटसमार्फत प्रश्न गरे ।

■■■

### प्रदेश प्रमुख ...

लक्ष्मणकिशोरले कांग्रेसका १८, आफ्नो पार्टीका पाँच र एकीकृत समाजवादीका चार सांसदको हस्ताक्षरसहित आफूलाई मुख्यमन्त्री नियुक्त गर्न माग गर्दै प्रदेश प्रमुख मियाँलाई हस्ताक्षर बुझाएका थिए । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का एक सांसद पनि लक्ष्मणकिशोरको पक्षमा थिए । बहुमतसहित सुरुमै लक्ष्मणकिशोरले मुख्यमन्त्रीमा दाबी गरे पनि प्रदेश प्रमुख मियाँले भने केन्द्रको निर्देशन पर्खेर उनलाई नियुक्ति दिएनन् ।

लक्ष्मणकिशोरको दाबी परेको दुई घण्टापछि सोही दिन नागरिक उन्मुक्तिका कैलाशकुमारले पनि आफ्नो पार्टीका दुई, एमालेका १०, माओवादी केन्द्रका ११ र स्वतन्त्र एक सांसदको हस्ताक्षरसहित मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए ।

एकीकृत समाजवादी सुदूरपश्चिममा कांग्रेससँगको गठबन्धनमा गएपछि केन्द्रको गठबन्धनमा हलचल मच्चिएको थियो । गठबन्धनमा रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले यो घटनालाई लिएर एकीकृत समाजवादीले नांगो नाच खेलेको आरोप लगाएका थिए । एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल यसबाट असन्तुष्ट बनेपछि मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहालले झलनाथ खनाललाई बालुवाटार बोलाएर समझदारीको प्रयास गरेका थिए । त्यसपछि आफ्नो पार्टीले मुख्यमन्त्री पाउने सहमति भएको भन्दै एकीकृत समाजवादीका संसदीय दलका नेता दीर्घ सोडारीले लक्ष्मणकिशोरलाई दिएको समर्थन फिर्ता लिए ।

सरकार गठनको म्याद सकेर दुई दिनपछि प्रदेश प्रमुख गठबन्धनको गोटी बनेको पुष्टि भएको कांग्रेसको आरोप छ। कांग्रेस संसदीय दलको नेतासमेत रहेका प्रदेशका कामचलाउ मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश प्रमुखबाट असंवैधानिक काम भएको भन्दै न्यायिक लडाइँ लड्ने चेतावनी दिए । आफूले नयाँ सरकारका लागि मार्गप्रशस्त गर्दा पनि प्रदेश प्रमुख मियाँले असंवैधानिक कदम चालेको शाहले आरोप लगाए ।

'लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्री नियुक्त गरिनुपर्ने थियो। उहाँको बहुमत थियो तर प्रदेश प्रमुखले समय लिएर फेरि समय थप गर्नुभयो त्यो असंवैधानिक काम हो,' उनले भने, 'यो करेक्सन गरियोस् ।'

यस विषयलाई लिएर लक्ष्मणकिशोरको समूहले पनि अदालत जाने चेतावनी दिएको छ । मंगलबार मुख्यमन्त्रीको सरकारी निवासमा पत्रकार सम्मेलन गर्दै दुवैले मुख्यमन्त्री नियुक्तिमा प्रदेश प्रमुखले थप समय दिएर असंवैधानिक काम गरेको भन्दै अदालत जाने बताएका हुन् ।

'दुई दिनको समय लम्ब्याउनु असंवैधानिक कदम हो । हामीलाई बदर गर्न खोज्नुभएको छ। त्यसको नैतिक जिम्मेवारी उहाँले लिनुपर्छ,' लक्ष्मणकिशोरले भने, 'उहाँले संविधान मिच्ने काम गर्नुभएको छ। हामी न्यायालय जान्छौं ।'

■■■

### लफडाबीच मधेसका...

सदन सुरु भएलगत्तै जनमत पार्टीले पुनः अवरोध सिर्जना गरेको थियो । त्यसपछि १० मिनेटका लागि बैठक स्थगित गरियो । विश्वासको मत लिनका लागि सुरु भएको बैठकमा जनमत पार्टीले राजविराजको कृषि विश्वविद्यालयमा भएको घटनाका लागि छानबिन समिति गठनको माग गरेको थियो ।

पछि जनमत, कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले प्रदेश बैठक बहिस्कार गरेपछि मुख्यमन्त्रीको पक्षमा ६१ सांसदको मत पऱ्यो। १०७ सदस्यीय प्रदेशसभामा मुख्यमन्त्रीलाई ५३ सांसद भए बहुमत पुग्छ । जनता समाजवादी पार्टी (जसपा) संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री यादवलाई जसपा, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत दलका प्रदेशसभा सदस्यले समर्थन गरेका थिए ।

■■■

### नेपाली कामदारको...

'नेपाली श्रमिकको सीप विकासमा के-के गर्नुपर्छ, प्रस्ताव ल्याउनुहोस्, हामी सबै खालको सहयोग गर्न तयार छौं,' राजदूत अन्सारीले भने। छलफलका क्रममा राजदूत अन्सारीले नेपालबाट घरेलु कामदार लैजाने सम्बन्धमा पनि चासो दिएको बताइएको छ । साथै भेटका क्रममा कतार सरकार प्रमुख अमिर शेख तमिम बिन हमाद अलथानीको नेपालको भ्रमण र नेपालले आयोजना गर्न लागेको लगानी सम्मेलनमा विषयमा पनि कुराकानी भएको सचिवालयले जनाएको छ ।

कतारमा हाल तीन लाख ६७ हजार ३८९ नेपाली कामदार कार्यरत रहेको मन्त्रालयले जनाएको छ । जसमा पुरुषको संख्या तीन लाख ५१ हजार ८३४ छ भने महिला श्रमिकको संख्या १५ हजार ५५५ रहेको उल्लेख गरिएको छ । चालु आर्थिक वर्षको नौ महिनामा विदेश जाने नेपाली कामदारको संख्याको आधारमा कतार तेस्रो गन्तव्य बनेको छ। साथै, कतारले लामो समयदेखि नेपालबाट घरेलु कामदार लैजान पाउनुपर्ने माग गर्दै आएको छ । यस विषयमा अबुधावी डायलगमा पनि कतारले नेपालसँग छुट्टै वार्ता गरेको थियो । कतारले आप्रवासी कामदारको सुरक्षा र न्यूनतम पारिश्रमिकको ग्यारेन्टी गर्न आफू प्रतिबद्ध रहेको बताउँदै आएको छ ।

# नयाँ विधेयकमा आदिवासी जनजाति महिलाका विषय समेट्न माग



**काठमाडौं (प्रस)–** विधेयक निर्माण गर्दा आदिवासी जनजाति महिलाका विषय प्राथमिकतामा साथ राख्न सरोकारवालाले माग गरेका छन् । प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिले मंगलबार आयोजना गरेको छलफलमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चकी उपाध्यक्ष यशोकान्ति भट्टचन (गौचन)ले आदिवासी जानजाति महिलाका विषय प्राथमिकतामा राख्न सुझाव दिइन् ।

आदिवासी महिला तथा किशोरीको अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघीय महिलाविरुद्ध हुने भेद्भाव उन्मुलन समिति (युएन सिड कमिटी) आधारभूत सिफारिस नं ३९ सम्बन्धमा धारणा राख्ने क्रममा उनले महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धी (सिड) सिफारिस राज्यपक्षीय विधायिका, नीति निर्माण गर्ने तह तथा सम्बन्धित सबैलाई मार्ग निर्देशनको रूपमा रहेको बताइन् ।

नयाँ विधेयक बनाउँदा वा मस्यौदा विधेयकमा संशोधन गर्दा सिडको सिफारिसँग मिल्नेगरी बनाउने आधार वा मार्गनिर्देशनको रूपमा प्रयोग गर्न उनले सुझाव दिइन् । उनले भनिन्, 'आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्रअनुरूप आदिवासी महिलाको अधिकार, विशेषगरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गर्ने भनी गरेको सिफारिसलाई विधायिकाहरूले प्राथमिकता दिनुपर्छ ।'

मञ्चकी अध्यक्ष सुनी लामाले आदिवासी जनजाति महिला हरेक क्षेत्रमा पहुँचभन्दा बाहिर रहेको र उनीहरूको अधिकारको सुनिश्चितता हुनुपर्ने धारणा राखिन् । उनले आदिवासी महिलाको अधिकार दाबी गर्न सिडको सिफारिस कार्यान्वयनको सम्बन्धमा सांसदहरूको दायित्व रहेको बताइन् ।

सांसद रोशन कार्कीले प्रवासमा जाने महिला कामदार बढी शोषित भइरहेका र उनीहरूको विषयमा पनि आवाज उठाउनुपर्ने बताए । उनले अन्तरजातीय विवाहले संस्कृति हराउँदै गएको हो कि भन्ने चिन्ता प्रकट गरे । सांसद शान्ति विकले आदिवासी जनजाति महिला मात्र नभई सबै महिला पीडित रहेको जिकिर गरिन् । 'आदिवासी जनजाति महिला बढी एकतामा बाँधिएका हुन्छन् जुन अरू समुदायमा त्यति पाइँदैन । सीमान्तकृत महिलाहरूको हक अधिकारको सुनिश्चितता हुनु जरुरी छ,' उनले भनिन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOINT POWER AUTOMOTIVE WLL

पुर्व स्वीकृति मिति २०८१/०१/03 LT. No. :303499 चलानी नं. ६०१९७३४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Technician | 2 | 0 | 1100 | ४०,४८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARMOR FOR PUBLIC FACILITY MANAGEMENT CO

पूर्व स्वीकृति मिति : २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/०४ LT. No.281815 चलानी नं. ६०१९७३४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 30 | 11 | 85 | ३६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Vechicle Driver | 2 | 0 | 135 | ५८,१४५ | | | | | | | |
| 3 | Mechanic | 2 | 0 | 140 | ६०,३०० | | | | | | | |
| 4 | Security Guard | 25 | 5 | 125 | ५३,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

वैशाख ५ गते २०८१, बुधबार

| | |
|---|---|
| **मेष** | कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **वृष** | मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ । |
| **मिथुन** | घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ । |
| **कर्कट** | प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ |
| **सिंह** | परिवारसँग समय बिताउने अवसर जुट्नेछ । |
| **कन्या** | वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ । |
| **तुला** | प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ । |
| **वृश्चिक** | नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |
| **धनु** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **मकर** | राज्य र समाजबाट सहयोग मिल्नेछ । |
| **कुम्भ** | चिताएको र गरेको कार्यमा सफलता पाइनेछ । |
| **मीन** | सामान हराउने वा चोरी हुने भय छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख ५ गते, २०८१, १७ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# सडक व्यापार हटाउन माग

■ पदम श्रेष्ठ

**ललितपुर–** लगनखेलदेखि मंगलबजारसम्मको सडकपेटी (फुटपाथ)मा सञ्चालित व्यापारका कारण बटुवा र सवारी आवगमनमा कठिनाइ भएको भन्दै फुटपाथ व्यापार बन्द गर्न स्थानीयले माग गरेका छन् । उक्त सडकखण्ड फुटपाथ व्यवसायीका कारण अस्तव्यस्त बन्दा स्थानीयबासी आजित बनेका हुन् ।

अव्यवस्थित सडक व्यापारका कारण दृश्य प्रदूषण, जताततै फोहोर र पसल कवलहरूमासमेत व्यापार हुन छोडेपछि सर्वत्र विरोध हुन थालेको छ । स्थानीय व्यापारी रमण श्रेष्ठ सडक व्यापारीका कारण सटर भाडा तिरेर व्यवसाय सञ्चालन गर्ने व्यापारी प्रभावित भएको बताउँछन् । 'हामीले घरको बहाल तिर्नुपर्छ, कामदारलाई तलब, नगरपालिकालाई अनेक प्रकारको कर, फोहोर उठाउनेलाई पैसा सबै तिरेर पनि ग्राहकलाई बिल दिनुपर्छ,' उनले भने, 'तर सडक व्यापारीले यी कुनै पनि भार व्यहोर्नु पर्दैन । त्यसमाथि कम गुणस्तरको सामग्री सडकमा राखेर बेच्दा पनि कतैबाट कसैले कारबाही गर्दैन । यस्तो विभेद बन्द हुनुपर्दछ ।'

उपभोग्य सामग्री, खानेकुरा, तरकारी, फलफूल सडकमा बेच्नेहरूले सस्तोको नाउँमा तल्लो गुणस्तरको बेच्ने हुँदा उपभोक्ता मारमा पर्ने गरेको स्थानीयको भनाइ छ । अर्कोतर्फ सडक व्यापारीहरू करको दायरामासमेत नहुँदा नगरपालिकाले कर पाउँदैन । सडक व्यापारीका कारण ललितपुर महानगरपालिका आफैंले सञ्चालन गरिरहेको गावहालस्थित धपगा बजार, लगनखेलको तरकारी बजार, लगँवहीदेखि प्रयागपोखरीहुँदै मंगलबजारसम्मका भित्री चोक-चोकमा सञ्चालित बजार ठप्प हुने स्थितिमा पुगेको स्थानीय व्यापारीहरू बताउँछन् ।



नगरपालिकाका नगरप्रहरीहरूकै अगाडि सडक व्यापारीलाई अस्तव्यस्त छोडिदिनाले ललितपुर महानगर पनि काठमाडौंका मेयर बालेन्द्र साहले सडक व्यापारी हटाउनुभन्दा अघिकै जस्तो नाक खुम्च्याउनुपर्ने स्थिति आएको उनीहरूको भनाइ छ । हुन त ललितपुर महानगरपालिकालाई व्यवस्थित नगरपालिकाको अन्तर्राष्ट्रिय अवार्ड प्राप्त भएको छ तर लगनखेलदेखि मंगलबजारको अस्तव्यस्त सडक व्यापारले त्यो सम्मानले गिज्याइरहेको अनुभूति गराउँछ ।

काठमाडौं महानगरपालिकाले सडक व्यापारीलाई हटाएपछि त्यहाँका व्यापारीहरू पनि हाल ललितपुरमा प्रवेश गरेको स्थानीयको भनाइ छ । 'जबजब मानिसहरू कामबाट आवतजावत गर्ने बेला भएको हुन्छ, स्कुल क्याम्पसका विद्यार्थी र यात्रुहरू ओहोरदोहोर गरिरहेका हुन्छन् तब सडक व्यापारीहरूले विभिन्न उपभोग्य सामग्रीदेखि खानेकुरासम्म बटुवाका मुखमुखमा लगेर भिडचाउन तँछाडमछाड गर्छन्,' एक स्थानीयले भने, 'बस पार्क पनि लगनखेलमा नै रहेको कारण पार्किङमासमेत ठूलो समस्या आइरहेको देख्न सकिन्छ । त्यस्तो अशोभनिय व्यापारलाई व्यवस्थापन गर्नुपर्नेमा उल्टै ललितपुर नगरप्रहरीले सडक व्यापारीलाई खुल्लमखुला छोडेपछि झनै क्रोनिक बन्दै जान थालेको प्रत्यक्ष देख्न सकिन्छ ।'

ललितपुरमा पनि काठमाडौंमा जस्तै वैकल्पिक ठाउँको व्यवस्थापन वा पहिले सञ्चालित तरकारी, फलफूल वा उपभोग्य सामग्री व्यापार गर्ने ठाउँलाई सुधार गरी चालु गर्नुपर्ने स्थानीय व्यवासायीको माग छ । अन्यथा आफूहरू पनि पसल कवल बन्द गरी सडकमा आउन बाध्य हुने ती व्यवसायी बताउँछन् । कतिपयले त पसल कवलको व्यापार नचलेपछि फुटपाथमा नै राख्ने गरेका छन् । सडक व्यापार गरिरहेकाहरू भने आफूहरूलाई वैकल्पिक व्यवस्था नभएसम्म नछाड्ने अडानमा छन् ।

ललितपुर महानगर प्रहरी प्रमुख सिताराम हाछेथु लगनखेलको बसपार्कसमेत अन्यत्र स्थानान्तरण गरी सो स्थानलाई परम्परागत असनबजारकै रूपमा प्रवर्द्धन गर्ने सोच ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले ल्याएको बताउँछन् । 'ललितपुर महानगरपालिकाभर कतै पनि हामीले फुटपाथमा सामान राख्न दिएका छैनौं तर लगनखेलदेखि मंगलबजारसम्मको परम्परागत बजारलाई पनि हटाउने हो भने एकातर्फ सानो-सानो लगानीमा भइरहेको स्थानीय उत्पादनले बजार नपाउने हुन्छ भने अर्कोतर्फ सयौं साना व्यापार व्यवसायीहरूले गरिरहेको स्वरोजगारबाट विस्थापित हुनुपर्छ,' उनले भने ।

लगनखेलमा सडक व्यापारीहरू अस्तव्यस्त स्थितिमा नरहेको उनले सिसी टिभी फुटेज देखाउँदै नगरप्रहरी प्रमुख हाछेथुले भने । लगनखेलदेखि मंगलबजारसम्मको फुटपाथ व्यापार बटुवा हिँड्ने पेटी र गाडी हिँड्ने सडकमा राख्न नदिइएको उनले दाबी गरे । जबकि प्रत्येक दिन बिहान ८ बजेसम्म र बेलुका ५ बजेदेखि लगनखेलदेखि मंगलबजारसम्म बटुवालाई हिँड्न, सवारी चलाउन सास्ती हुने गरेको छ । सडक व्यापारीलाई व्यवस्थित रूपमा राख्न सकिने धवगाल, लगनखेलको तरकारी बजार, थथीलगायतका खाली ठाउँ उपयोग गर्नेबारे महानगरले कुनै योजना नबनाएको स्थानीयको आरोप छ ।

# सामाजिक कार्यका लागि 'म्हेन्दोला फोले फाउण्डेसन'

**काठमाडौं (प्रस)–** सामाजिक अभियान सञ्चालन गर्ने उद्देश्यका साथ स्थापना भएको 'म्हेन्दोला फोले फाउण्डेसन' औपचारिक रूपमा सञ्चालनमा आएको छ । फाउण्डेसनको मंगलबार बागमती प्रदेशका सांसद एवं पूर्वमन्त्री तीर्थबहादुर लामाले उद्घाटन गरेका हुन् । जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित समारोहमा फाउण्डेसनको आधिकारिक वेबसाइट 'म्हेन्दोलाफोले डट ओआरजी'समेत सार्वजनिक गरिएको छ ।




'म्हेन्दोला फोले' (फूलको थुँगा) नामक टेलिभिजन कार्यक्रमलाई फाउण्डेसनमा रूपान्तरण गरिएको फाउण्डेसनका अध्यक्ष सुनिल लामाले जानकारी दिए । एनटिभी प्लसमा २०६२ सालदेखि सञ्चालनमा आएको उक्त कार्यक्रम हाल बन्द रहे पनि पोडकास्टको रूपमा निरन्तरता दिइएको उनले बताए ।

फाउण्डेसनले समाजमा शिक्षा, स्वास्थ्यलगायत विविध क्षेत्रमा सहयोग गर्ने लक्ष्य लिएको छ । विश्वभरबाट सहयोग जुटाएर आवश्यक क्षेत्रमा काम गर्ने अध्यक्ष लामाले बताए । 'विश्वभर छरिएर रहेका स्रोत, साधनलाई एकीकृत गरी समुदायको उत्थानका लागि परिचालन गर्न एक सामाजिक संस्थाको आवश्यकता महसुस गरी म्हेन्दोलाफोले फाउण्डेसन स्थापना गरिएको हो,' उनले भने ।

कार्यक्रममा सम्बोधन गर्दै पूर्वमन्त्री एवं बागमती प्रदेशका सांसद लामाले सामाजिक उद्देश्यले राम्रो काम सुरु गरेको भन्दै यसमा आफ्नो साथ रहने प्रतिबद्धता जनाए । उनले सबैलाई एक ठाउँमा ल्याएर सामाजिक हितमा काम गर्ने प्रयास सरहानीय भएको बताए ।

फाउण्डेसनको वेबसाइटमार्फत विश्वभरबाट सहयोग जुटाउन र फाउण्डेसनमा जोडिन सक्ने व्यवस्था गरिएको जानकारी दिइएको छ । साथै, वेबसाइटमा तामाङ समुदायका अग्रज, राजनीतिकर्मी, समाजसेवी, लेखक, सञ्चारकर्मी, कलाकारलगायतको प्रोफाइलसमेत समेटिएको फाउण्डेसनका अध्यक्ष लामाले जानकारी दिए ।

# सकियो टोखाको विस्काजात्रा

**काठमाडौं (प्रस)–** धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बोकेको टोखामा चैत मसान्तदेखि सुरु भएको विस्का नखः (जात्रा) मंगलबार सम्पन्न भएको छ । नेवार समुदायको बाहुल्य रहेको टोखामा हरेक वर्षझैं यस वर्ष पनि चैत मसान्तदेखि वैशाख ४ गतेसम्म पाँच दिन चल्ने विस्का नखः (जात्रा) सम्पन्न भएको हो ।

वैशाख १ गते सपनतीर्थ मेलासँगै सिन्दूरजात्रा गरी औपचारिक विस्का जात्रा सुरु हुने गरेको नेवा गुथिः टोखाका अध्यक्ष रमेश नापितले बताए । वैशाख २ गते बिहान टोखा नगरपालिकाको वडा नं २ गणेशस्थान थलागटोलमा सिन्दूरजात्रा गरेर नगर परिक्रमा गरिने रथलाई सोही दिन माथिल्लो लाछिमा लगेर बिसाइन्छ । वैशाख ३ गते बिहान ६ बजे माथिल्लो लाछिमा सिन्दूरजात्रा गरेर उठाइएको रथ दिउँसो १ बजे वडा नं ३ स्थित हासलटोलमा लगेर बिसाउने चलन छ ।


## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८१/०१/०५)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०१/२०

**बोलपत्र खोलिने मिति**
२०८१/०१/२१ दिउँसो १ बजे

तपसिल

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणीहरु : जि.बि. मेटल क्राफट इण्डष्ट्रिज एण्ड सप्लायर्स प्रा.लि. र जि.बि. इन्टरप्राइजेज प्रा.लि.**<br>**(क) जि.बि. मेटल क्राफट इण्डष्ट्रिज एण्ड सप्लायर्स प्रा.लि.**<br>दर्ता नं. : १९९२३२/०७५/०७६<br>ठेगाना : वीरगंज १६, पर्सा<br>**(ख) जि.बि. इन्टरप्राइजेज प्रा.लि.**<br>दर्ता नं. : १९९८२२/०७५/०७६<br>ठेगाना : का.म.न.पा. १४, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अनिल कुमार गाडिया**<br>(ना.प्र.नं. १६०३१९८०४, मिति २०४८/०६/२५ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : गिरधारी लाल गाडिया<br>बाजे : राधा कृष्ण गाडिया<br>**२. रोहित कुमार गाडिया**<br>(ना.प्र.नं. १०२२/१२९२३, मिति २०६७/०९/२२ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : अनिल कुमार गाडिया<br>बाजे : गिरधारी लाल गाडिया<br>**३. अमन कुमार गाडिया**<br>(ना.प्र.नं. ३४-०१-७१-०६१२७, मिति २०७१/०८/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : अनिल कुमार गाडिया<br>बाजे : गिरधारी लाल गाडिया<br>**४. मन्जु देवी गाडिया**<br>(ना.प्र.नं. १७८०, मिति २०५५/०२/१४ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : अनिल कुमार गाडिया<br>ससुरा : गिरधारी लाल गाडिया | १. अमन कुमार गाडियाको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १६ स्थित कि.नं. २८६ (३८.१६ व.मि.), कि.नं. १६४ (३७२.३२ व.मि.) र कि.नं. २५६ (४६.५७ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. अनिल कुमार गाडियाको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १६ स्थित कि.नं. २ (११९६.४० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. जि.बि. मेटल क्राफट इण्डष्ट्रिज एण्ड सप्लायर्स प्रा.लि.को नाममा बारा जिल्ला मालपोत कार्यालय कलैया, बारामा दर्ता कायम रहेको बारा जिल्ला, प्रसौनी गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. १० (०-७-१०-० विगाहा), कि.नं. ४३२ (०-०-११-० विगाहा), कि.नं. ४३३ (०-११-४-० विगाहा), कि.नं. ११ (०-४-७-० विगाहा), कि.नं. ०९ (०-६-०-० विगाहा) र कि.नं. ३५६ (०-८-१५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LOONGSEN PLASTICS (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०८१/०१/03 | LT. No. 303494 | चलानी नं. ६०२१८३१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591
Govt. License 938/067/068



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mohammed Abdulaziz Mohammed Al-Zakry Establishment for Operation and Maintenance co

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/04 | LT. No. 302649 | चलानी नं.:६०२१७५०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 7 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ११ गते (23rd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## दशरथचन्द नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
खलंगा,गढी बैतडी
सुदूरपश्चिम, प्रदेश नेपाल

## Invitation for Bids

**First Date of publication: 2081/01/05 (17-04-2024)**

Dasharathchand Municipality, Office of Municipal Executive Baitadi invites electronic bids from Nepalese eligible bidders under National Competetive Bidding & Sealed Quotation procedures for the Following Goods :

| S.N | IFB No. | Description Of Goods | Bid Price (With VAT & Contengency) |
|---|---|---|---|
| 1 | DCM/NCB/Goods/02/2080-081 | Procurement of necessary medical equipment for improving the services of health institutions. | 27,08,936.10 |
| 2 | DCM/SQ/Goods/02/2080-081 | Procurement of necessary materials for improving the services of health institutions. | 12,90,978.00 |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## शैक्षिक गुणस्तर सुधार्न ध्यान देऊ

**दुर्गमका विद्यालयमा गुणस्तरीय शिक्षा नपाउनुको पीडा छँदै छ, तर विगत वर्षहरूमा विद्यार्थीहरू त्यो भन्दा ठूलो पीडा हुन्थे। जसको कारण थियो, शैक्षिकसत्र सकिँदा पनि पाठ्यपुस्तक नपाउनु । दुर्गमका अधिकांश विद्यार्थीले समयमा पाठ्यपुस्तक पाउँदैनथे । कतिपय जिल्लाका विद्यार्थीले त शैक्षिकसत्र सकिँदा पनि पुस्तक पाउँथेनन् । पाठ्यपुस्तक नै नपाएपछि पढाइको गुणस्तर कस्तो होला ? सोझै अनुमान गर्न सकिन्छ ।**

**तर, यो वर्ष भने सरकारले सराहनीय काम गरेको छ। पाठ्यपुस्तक छपाइ र देशभर वितरणको जिम्मेवारी पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले देशभरका विद्यालयहरूमा पाठ्यपुस्तक पुर्‍याएको जानकारी दिएको छ। २०८१ को शैक्षिक सत्रको सुरुआतमै देशभर पाठ्यपुस्तक पुर्‍याएको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिए। चैत १६ गतेदेखि केन्द्रले आफ्ना सातवटै प्रादेशिक कार्यालय, देशभरका वितरण केन्द्र एवं डिपो र एक हजार २६७ वटा स्थानीय बिक्रेतामार्फत पुस्तक पुर्‍याएको उनको भनाइ छ।**

**त्यसो त जिल्ला जिल्लाबाट पनि शैक्षिकसत्र सुरु हुनु अगावै पुस्तक पुगेका समाचारहरू आइरहेका छन् । यो वर्ष कतै पनि पुस्तक नपुगेको वा अभाव भएको समाचार पढ्नुपरेको छैन। केन्द्रका प्रबन्ध निर्देशक झाका अनुसार यस वर्ष पुस्तक कम बिक्री भए पनि सबै विद्यालयमा पुस्तक पुगिसकेको जानकारी पाएका र कुनै विद्यालयमा अहिलेसम्म पुस्तक नपुगेको भनेर कतैबाट गुनासो आएको छैन । यो एकदमै सुखद क्षण हो । केन्द्रले यसै शैक्षिक सत्रका लागि ५ देखि १२ कक्षासम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको थियो । गत शैक्षिक सत्रमा कक्षा ६ देखि १२ सम्मको पुस्तक समयमै पुर्‍याउन सफल भएकाले सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको थियो ।**

**विद्यार्थीलाई समयमै पाठ्यसामग्री पुर्‍याउने काममा बल्ल राम्रो काम भएको छ। समयमा पाठ्यपुस्तक पाउनु विद्यार्थीको नैसर्गिक अधिकार पनि हो। पाठ्यसामग्रीविना शिक्षाको गुणस्तर अपेक्षा गर्नु बेकार हो । त्यसो त गत वर्ष समयमै पाठ्यपुस्तक पुगेका जिल्लामा यसपटक राम्रो नतिजा आएका समाचार पनि आएका छन् । त्यसैले अब अर्को वर्ष यसको नतिजा खोज्ने हो । तर, यतिले मात्रै पुग्दैन विद्यालयमा अन्य शैक्षिक सामग्रीसँगै राम्रो शिक्षणको वातावरण हुन जरुरी छ। गुणस्तरीय शिक्षा प्रदान गर्न पाठ्यपुस्तक मुख्य हतियार हो भने शिक्षामैत्री वातावरण अर्को महत्त्वपूर्ण पक्ष हो। त्यसैले सो वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापनले काम गर्नुपर्छ । अभिभावकको पनि यसमा भूमिका रहन्छ । यसतर्फ सरोकारवाला सबैको ध्यान जान जरुरी छ।**

# देश र जनहितका काममा विलम्ब नगरौं



▶▶ जुलीकुमारी महतो

मुलुक संघीयतामा गइसकेपछि अहिले तीन तहको सरकार छ । मेरो जोड भनेकै तीनै तहका सरकारले सेवाप्रवाहलाई केन्द्रमा राखेर काम गर्नुपर्छ भन्ने हो । म मधेस प्रदेशबाट प्रतिनिधित्व गर्छु । त्यहाँ अहिले धेरैजसो खेत बाँझो हुन थालेको छ । कृषिप्रधान देश भन्छौं, नेपाललाई । कृषिमा हामी आत्मनिर्भर कसरी गराउन सक्छौं भन्ने महत्त्वपूर्ण पाटो हो । हरेक उत्पादनमा रोजगारी जोडिन्छ । बेरोजगारीको समस्या समाधान मुखले भनेर हुँदैन ।

यथार्थमा देशको अर्थतन्त्र अपेक्षाकृत गतिशील हुनसकेको छैन । आर्थिक क्षेत्रमा एउटा पक्ष बिग्रिनेबित्तिकै त्यसले सबैतिर असर पार्छ । अर्थतन्त्रले उद्योगी-व्यवसायीदेखि गृहिणीसम्मलाई असर पारेको छ । महँगी नियन्त्रण गर्ने, सुशासन कायम, भौतिक पूर्वाधार निर्माणलगायत महत्त्वपूर्ण काम प्रभावकारी रूपमा हुनसकेका छैनन् । सरकार परिवर्तन भएपछि जनताले यस दिशामा केही सकारात्मक परिणाम प्राप्त हुन्छ भन्ने आशाचाहिँ गरेका छन् ।

अहिले दिनहुँजसो मिटरब्याजपीडित, सहकारीपीडितका समस्या, किसानका समस्या, उद्योगी-व्यवसायीका समस्या सार्वजनिक भइरहेका छन् । सुशासनको प्रत्याभूति हुनसकेको छैन । सरकारले सेवाप्रवाह सहजरूपमा गराउन नसकेको जनताले गुनासो गरिरहेका छन् ।

मुलुकका लागि अत्यावश्यक कानुन शीघ्र पारित गरेर कार्यान्वयनमा जानुपर्छजस्तो लाग्छ । कतिपय नियमावली पनि संसद्ले नै बनाउने हो तर संसद्भित्रको प्रक्रिया लामो हुने भएकाले एउटा विधेयक पारित गर्न पनि धेरै समय लागेको देखिन्छ । हाम्रो संसद्मा दलीय प्रभाव ठूलो छ । सांसदहरू पनि स्वतन्त्र हुनसकेका छैनन् । जति भूमिका सांसदको हुनुपर्ने हो त्यति हुन पाएको छैन ।

संसद्मा कुनै पनि दलको अहिले एकल बहुमत छैन । यस्तो अवस्थामा गठबन्धन सरकार बन्नु स्वाभाविक हो । तर एकल बहुमतसहितको सरकार भए त्यो पाँच वर्ष चल्थ्यो, र त्यसले मुलुकको विकास, समृद्धि र स्थायित्व दिन सक्थ्यो । छिटोछिटो सरकार परिवर्तन हुने भएपछि धेरै काममा बाधा उत्पन्न हुन्छ । अघिल्लो सरकारले ल्याएका कतिपय विधेयक अलपत्र पर्ने र नयाँ विधेयक ल्याउन पनि समय लाग्ने अवस्थाले समग्र कानुन निर्माणमा नकारात्मक प्रभाव पारेको प्रस्टै छ ।

अझ सानातिना विषयमा पनि सदन अवरुद्ध गर्ने परिपाटी मौलाएको छ । जनताका सुखदुःखको कुरा उठाउने सम्मानित सदनलाई दलभन्दा माथि उठेर सोच्न र व्यवहार गर्नुपर्छ । संसद् अवरोध नगरी आफ्ना विषयवस्तु राख्ने, सरकारको ध्यानाकर्षण गराउने, दबाब दिने अरू उपायतर्फ विचार गर्नुपर्ने बेला आइसकेको छ ।

अहिले कामको खोजीमा होस् वा अध्ययनका लागि युवाको विदेश पलायन तीव्रगतिमा भइरहेको छ । देशमा केही नै छैन र यहाँ केही पनि हुँदैन भन्ने सोच हाबी भइरहेको छ । सरकारले हाल बन्द भएका उद्योग पुनः सञ्चालन गर्न र नयाँ उद्योगको अवधारणा ल्याएर देशभित्रै रोजगारीका अवसर सिर्जना गर्नुपर्छ ।

शिक्षामा पनि व्यापक सुधारको खाँचो छ । देशभित्रै सुलभ र सहज रूपमा उच्च अध्ययन गर्न पाउने वातावरण मिलाउन ढिला भइसक्यो । अहिले आफूले रोजेको विषय पढ्न चाहना राख्ने मेधावी विद्यार्थीले पनि भर्ना नै हुन पाउँदैनन् । कतिपय शैक्षिक संस्थामा शुल्क निकै महँगो छ । विश्वविद्यालयमा छिटो काम नहुने, परीक्षाफल ढिलो प्रकाशित गर्ने आदि समस्या वर्षौंदेखि देखिएका छन् । नेपाललाई शिक्षाको हब बनाउन सकिने सम्भावना प्रशस्त छ । विदेशी विद्यार्थीले पनि नेपाली शिक्षण संस्थाबाट शिक्षा लिनसक्ने वातावरण बनाउन सकिन्छ । तर जति कार्यान्वयन हुनुपर्ने हो, त्यो पाटोमा भने ध्यान दिन सकिएको छैन ।

मुलुक संघीयतामा गइसकेपछि अहिले तीन तहको सरकार छ । मेरो जोड भनेकै तीनै तहका सरकारले सेवाप्रवाहलाई केन्द्रमा राखेर काम गर्नुपर्छ भन्ने हो । म मधेस प्रदेशबाट प्रतिनिधित्व गर्छु । त्यहाँ अहिले धेरैजसो खेत बाँझो हुन थालेको छ । कृषिप्रधान देश भन्छौं, नेपाललाई । कृषिमा हामी आत्मनिर्भर कसरी गराउन सक्छौं भन्ने महत्त्वपूर्ण पाटो हो । हरेक उत्पादनमा रोजगारी जोडिन्छ । बेरोजगारीको समस्या समाधान मुखले भनेर हुँदैन । जबसम्म देशमा चाहिने कुरा पूरा हुँदैनन्, पानीबिनाको माछाजस्तै हुन्छ । जस्तै, रोजगारी र खानेकुरा नभई नहुने हुन् । अहिले हामीले ठूला कुरा सोच्नुभन्दा पनि हाम्रो जग कसरी बलियो बनाउने भन्नेमा सोच्नुपर्छ । उत्पादनतिर जोडेनौं भने हाम्रो जग बलियो हुन सक्दैन ।

दुःखका साथ भन्नुपर्छ, अहिले हाम्रो मुलुकमा भ्रष्टाचार व्याप्त छ । चुहावट छ । किसानले समस्या भोगेकै छन् । समयमा मलखाद पाउँदैनन् । पूर्वाधार धेरै बन्न बाँकी छन् । पूर्वाधार नभई त विकास नै हुँदैन । कैयौं उद्योग बन्द छन् । खुलेका पनि राम्ररी चल्न सकेका छैनन् । सरकारी अस्पतालमा चाप बढी छ । निजी अस्पतालमा शुल्क महँगो छ । विद्यालयमा पनि त्यही समस्या छ । खेलकुदका लागि मैदान छैन ।

अहिले विश्वभर नै आर्थिक मन्दी छ । जनताले भोग्नुपरेका महँगी, बेरोजगारीलगायत समस्या समाधानतर्फ वर्तमान सरकारले विशेष ध्यान दिनेमा म आशावादी छु । सबैले साझा संकल्पका साथ मिलेर देश विकासका निम्ति आ-आफ्नो क्षेत्रबाट इमानदार प्रयास गर्नुपर्छ । हामी सबैले जे जानेका छौं, त्यो गरौं । प्राकृतिक स्रोतले धनी देश हो नेपाल । अहिले नै सोच्यौं भने भोलिका पुस्ताका लागि काम लाग्छ । हाम्रो एकमात्र उद्देश्य उन्नत राष्ट्र निर्माण हो । जनतालाई महसुस हुनेगरी हामी सबैले काम गर्नुपर्छ । निजी र सहकारी क्षेत्र दुवैले हातेमालो गरेर अघि बढ्नुपर्छ । देश र जनहितका काम गर्न अब किञ्चित् विलम्ब गर्नु हुँदैन ।

*(प्रतिनिधिसभा सदस्य महतोसँग राससकी समाचारदाता बुनु थारूले गरेको कुराकानीमा आधारित)*

**पत्र-मञ्जुषा**

## दलालीको फन्दामा मुलुक, जनता जाग्नुपर्छ अब

अहिले जनता निराश छन् । विभिन्न क्षेत्रमा लगानी गरेकाहरू पनि नराम्ररी डुबिसकेका छन् । घरजग्गा, गाडी र सेयरमा लगानी गरेकाहरू पनि डुबेका छन् । र, सहकारीमा निक्षेप जम्मा गरेका बचतकर्ताहरू पनि डुबेका छन् । बैंकबाट ७० प्रतिशत बचतकर्ताले निक्षेप निकालिसकेको बैंककै कर्मचारीहरू नाम नबताउने सर्तमा बताउँछन् ।

बजारमा धेरै कोठा, फ्ल्याट र सटर खाली भएका छन् । मालपोत र यातायात कार्यालय सुनसान छ । तर, सरकार दलाल गरेर बसिरहेको छ । आफ्नो देश र जनताको हितमा काम गर्नुपर्नेमा सरकार अन्य देशलाई फाइदा हुने काम गरिरहेको छ । दिनहुँ हजारौं नेपाली जनता रोजगारी, अध्ययन, अध्यापनका निम्ति विदेशिएका छन् ।

यसले देशको सक्षम र दक्ष जनशक्ति विदेशिनुका साथै नेपाली मुद्रासमेत बाहिरिएको छ । सरकार नै आफ्नो देशका जनतालाई बेचिरहेको छ । र, आफ्नो देशको पैसा बाहिरी मुलुक पठाइरहेको छ । देशको खेतीयोग्य वा उब्जनी हुने जमिनमा सरकारले प्लानिङ वा घर बनाउन दिइरहेको छ । जसले गर्दा आज मुलुकमा खाद्यन्नसंकट निम्तिने संकेत देखिएको छ ।

दलालीहरूले आनाको १० हजार रूपैयाँ नपर्ने खेतीयोग्य जमिन खण्डीकरण गरेर लाखौंमा बेचे । सर्वसाधारण फसाए । अहिले हामी सबै नेपालीको भान्सामा बाहिरी मुलुकबाट आएको खानेकुरा पाक्छ र हामी खान्छौं । देशको ९५ प्रतिशत खेतीयोग्य जमिन घर र बाटो बनाउँदा मासिएको छ । बाहिरबाट आयात गरिएका खाद्यान्न निकै महँगो हुन्छ ।

यसले आर्थिक अवस्था कमजोर भएका जनताहरू भोकभोकै मर्नुपर्ने अवस्था आएको छ । यतिमात्र होइन, विदेशीले खाद्यन्न नपठाए यहाँ धनीदेखि गरिबसम्म भोकभोकै मर्नुपर्छ । पछिल्लो समय नेपालले हरेक सामान विदेशबाट आयात गर्ने गरेको छ । नेपालमै उत्पादन हुने वस्तु पनि विदेशबाट आयात गरिन्छ । यहाँ नूनदेखि सुनसम्म विदेशीको बिक्री हुने गरेको छ ।

नेपाल विदेशीका लागि एउटा व्यापारको थलो बनेको छ । विदेशीले नेपाललाई प्रयोग गरेर थुप्रै फाइदा उठाइसकेको छ । र, अझै उठाइरहेको छ । तर, हाम्रो देश भने अहिले पनि जहाँको त्यहीँ छ । हामी सामान निर्यात गर्नुभन्दा पनि आयातमा बढी केन्द्रित छौं । हरेक सामानमा परनिर्भर छौं । कुनै पनि वस्तु तथा सामान हामी आत्मनिर्भर छैनौं ।

छिमेकी मुलुक भारतले बिक्री नहुने फलामकोसमेत प्रयोग गरेर चिल्लो गाडी बनायो । हामी नेपालीहरू पनि त्यसमै आकर्षित भयौं । नेपालका अटो शोरुमहरूले भारतमा ५० हजार नपर्ने सवारीसाधन यहाँ ल्याएर लाखौंमा बिक्री गरे । र, अहिले पनि गर्दै छन् । यता, बैंकले १०० रूपैयाँ कित्तामा निष्काशन गरेको सेयर दलालीहरूले मूल्य बढाएर चार हजार रूपैयाँसम्ममा बेचे ।

म्यानपावर र कन्सलटेन्सीहरू आफ्नै देशका नागरिकलाई अन्य देशमा बेचेर कमाइरहेका छन् । सरकारले विदेशीसँग खर्बौं ऋण लिइरहेको छ । सत्तामा बस्नेहरू जनतालाई भ्रममा पारिरहेका छन् । सरकारी कर्मचारीहरू भ्रष्टाचारमा व्यस्त छन् । यहाँ देश र जनताको लागि काम गर्नुभन्दा आफ्नै स्वार्थपूर्तिमा सबैको ध्यान छ ।

बैंक तथा वित्तीय संस्थाहरूले पनि सर्वसाधारणलाई नै ठगे । करोडौं बचतकर्ताको खर्बौं लिएर वा डुबाएर सहकारी भागे । लघुवित्त, फाइनान्सहरूले पनि सर्वसाधारणको विजोग बनाएको छ । पछिल्लो समय त बैंकका कर्मचारीलेसमेत बचतकर्ताको खातामा रहेको रकम चोर्न थालेका छन् । बैंक, वित्तीय संस्थाहरूले थुप्रैको उठीबास लगाएका छन् ।

करोडौंको ऋण लाखमा पचाएर ऋणिलाई सडकछाप बनाएका छन् । उता, निजी विद्यालयको पनि ठगीधन्दा बढ्दो छ । विद्यार्थीबाट अनावश्यक शुल्क उठाउने क्रम अझै रोकिएको छैन । त्यस्तै, भाटभटेनी, सुपरमार्केट, बिग मार्टमा पनि यस्तै छ । कमसल, गुणस्तरहीन र कम तौलको सामान चर्को मूल्यमा बेचेर यिनीहरूले सर्वसाधारण ठगिरहेका छन् ।

राजनीतिक दलदेखि सरकारी कर्मचारी, व्यापारी, बैंक तथा वित्तीय संस्था, दलाली सबैले जनता नै ठगिरहेका छन् । सर्वसाधारण हरेक क्षेत्रबाट ठगिएका छन्, लुटिएका छन् । अहिले जनतामा सचेतना बढेको छ । पहिलाभन्दा धेरै सतर्क भइसकेका छन्, सर्वसाधारण ।

अब जनताले राजनीतिक दलका नेता र सरकार नै दलाली हुन् भनेर बुझ्नुपर्छ । यिनीहरूले देशलाई कंगाल बनाए र जनतालाई डुबाए । राजनीतिक दल र सरकारले देश धितो राखेर विदेशीसँग ऋण लिइरहेको छ भनेर पनि अब जनताले बुझ्नुपर्छ । सरकार अहिले पनि विदेशीसँग ऋण लिएर कर्मचारी र जनप्रतिनिधिलाई तलबभत्ता खुवाइरहेको छ । तर, देश सरकारको मात्र होइन, जनताको पनि हो । त्यसैले, अब जनता आफ्नो देश बचाउन सडकमा आउनैपर्छ ।

**– रुषा थापा, भक्तपुर**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**मनन्योग्य**

### चाणक्य नीति

राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।

# धूमपान र सुर्तीजन्य पदार्थ नियन्त्रण गर्ने अभियानमा नेपालगञ्ज उपमहानगर




**जानकी (बाँके)**– नेपालगञ्ज उपमहानगरपालिकाले धूमपान तथा सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमनलाई अभियानका रूपमा अगाडि बढाएको छ। नयाँ वर्ष २०८१ को प्रारम्भसँगै धूमपान तथा सुर्तीजन्य पदार्थको नियन्त्रणका लागि अभियान सञ्चालन गरिएको उपमहानगर कार्यालयले जनाएको छ।

पहिलो चरणमा सचेतना प्रवर्द्धन र कानुनी प्रावधानबारे सचेत बनाउने गरी उपमहानगर अगाडि बढेको नगरप्रमुख प्रशान्त विष्टले बताए। धूमपान तथा सुर्तीजन्य पदार्थको कानुनसम्मत बिक्री वितरण, सार्वजनिक ठाउँमा पूर्णरूपमा सेवन निषेध तथा आमरूपमा सेवनदर घटाउने उद्देश्यका साथ अभियान थालिएको उनले जानकारी दिए।

धूमपान र सुर्तीजन्य पदार्थको सेवनले निम्त्याउने स्वास्थ्य जटिलता, पारिवारिक तनाव र सामाजिक व्यवहारको असरलाई आमनागरिकमा सञ्चार गर्दै स्वस्थ समाज निर्माण गर्ने उद्देश्यका साथ अभियानलाई प्रभावकारीरूपमा अगाडि बढाइने प्रमुख विष्टको भनाइ छ। सचेतना प्रवर्द्धनको अभियानसँगै दण्ड, जरिवाना र कारबाहीको प्रक्रियालाई पनि अगाडि बढाउने नीति उपमहानगरले लिएको स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्दले बताए। उनले सार्वजनिक ठाउँ, निकाय र पसलहरूमा नियमन गर्ने बताउँदै पालना नगरेको पाइए सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ बमोजिम कारबाही गरिने स्पष्ट पारे।

नेपालगञ्ज उपमहानगरपालिकाले मंगलबार बिहान प्रभातफेरी गरेर अभियानको औपचारिक सुरुआत गरेको छ। धूमपान तथा सुर्तीजन्य पदार्थ नियन्त्रण, नियमन तथा सचेतनामूलक प्रभातफेरी गरिएको प्रमुख विष्टले बताए। भेरी अस्पतालबाट सुरु भएको प्रभातफेरी त्रिभुवनचोकमा पुगेर समापन भएको थियो। प्रभातफेरीमा नगरप्रमुख विष्ट, प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल, जिल्ला प्रहरी प्रमुख तुलबहादुर कार्की, नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्का, सर्वसाधारण, पत्रकारलगायतको उपस्थिति थियो।

प्रभातफेरीपश्चात् आयोजित कार्यक्रमलाई नगरप्रमुख विष्ट, प्रमुख जिल्ला अधिकारी पोखरेल र प्रहरी प्रमुख कार्कीले सम्बोधन गर्दै धूमपान तथा सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमनका लागि आमनगरवासीको साथ आवश्यक रहेको बताए। स्वस्थ र सुसंस्कृत समाज निर्माणका लागि प्रत्येक नागरिकले स्वतःस्फूर्त धूमपान र सुर्तीजन्य पदार्थ त्यागने प्रतीज्ञा गर्नुपर्नेमा उनीहरूले जोड दिए।

धूमपान र सुर्तीजन्य पदार्थको सेवनले मुटुरोग, क्यान्सरजस्ता खतरनाक रोगको जोखिम बढाइरहेको छ। एक अध्ययनअनुसार कूल मृत्युको १५ प्रतिशत सुर्तीजन्य पदार्थ सेवनका कारणले हुने गरेको छ। २९.९ प्रतिशतले सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको पाइएको प्रमुख विष्टले जानकारी दिए। *रासस*

# विद्यार्थी कम भएका सामुदायिक विद्यालय समायोजन

**रुकुम पश्चिम (प्रस)**– जिल्लाको सानीभेरी गाउँपालिकाले १६ वटा सामुदायिक विद्यालयलाई समायोजन गरेको छ। गाउँ कार्यपालिकाको बैठकले विद्यार्थी संख्या न्यून भएका १६ वटा विद्यालय समायोजन, कक्षा घटुवा, तह घटुवा तथा शाखा बिस्तार निर्णय गरेको हो।

सोही निर्णयअनुसार विद्यालय समायोजन यसै शैक्षिक सत्रदेखि लागू भएको सानीभेरी गाउँ कार्यपालिकाका प्रवक्ता पहलसिंह घर्तीले जानकारी दिए। उनका अनुसार कार्यपालिकाको बैठकले १५ वटा विद्यालयको तह घटुवा तथा कक्षा घटुवा गर्ने निर्णय गर्दा एक वटा विद्यालयको शाखा विस्तार गर्ने निर्णय गरेको थियो। सोहीअनुसार बालकल्याण आधारभूत विद्यालय पोखेरोल, कालिका आधारभूत विद्यालयमा शाखा विस्तार भएको छ।

त्यस्तै शीतल माध्यमिक विद्यालय फक्रैया, बालज्योति माध्यमिक विद्यालय गिठाकोट, सूर्योदय माध्यमिक विद्यालय बेल्टापु र जनज्योति माध्यमिक विद्यालय मेलचौरमा कक्षा ११ र १२ बाट कक्षा १० मा भारिएको छ। अन्य चारवटा माध्यमिक विद्यालयलाई तह घटुवा गर्दै आधारभूत तहमा झारिएको छ। ती विद्यालयमा भेरी दोभान माध्यमिक विद्यालय चाइनाबगर, जनप्रिय मावि हासिवाङ, सरस्वती मावि चिन्तु, र शिव मावि काफलबोट छन्।

भेरी दोभानमा माविमा कक्षा १२ सम्म र अन्य तीनवटा विद्यालयमा १० कक्षासम्म पढाइ सञ्चालन हुने गरेको थियो। अब भने कक्षा ८ सम्म मात्र पढाइ सञ्चालन हुने गाउँपालिका प्रवक्ता घर्तीले जानकारी दिए। त्यस्तै तीनवटा आधारभूत विद्यालयलाई प्रारम्भिक बाल विकास केन्द्रमा र कक्षा १ देखि पाँचसम्म पढाइ सञ्चालन भएका चारवटा आधारभूत विद्यालयलाई कक्षा ३ सम्म सञ्चालन गर्ने गरी कक्षा घटाएको छ।

पालिकाभर ४५ वटा सामुदायिक विद्यालय छन्। त्यसमा १६ वटा विद्यालयलाई समायोजन, कक्षा घटुवा, तह घटुवा तथा शाखा बिस्तार गरिएको शिक्षा, युवा तथा खेलकुद शाखा भूपासिंह विष्टले जानकारी दिए। उनका अनुसार विद्यार्थी संख्या, भौतिक पूर्वाधार, शिक्षकको दरबन्दी, विद्यालय-विद्यालयबीचको दूरीलगायतका आधारमा विद्यालय समायोजन तथा तह मिलान गरिएको जनाइएको छ।

# झुलाघाट नाका बन्द

**बैतडी (प्रस)**– भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाका मंगलबारदेखि बन्द भएको छ। भारतमा हुने लोकसभा निर्वाचनलाई मध्यनजर गर्दै सीमानाका बन्द गरिएको बैतडीका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले जानकारी दिए।

अप्रिल १९ तारिख (वैशाख ७ गते) उत्तराखण्ड राज्यमा लोकसभाका लागि निर्वाचन हुँदै छ। उक्त निर्वाचनलाई मध्यनजर गर्दै मंगलबार साँझ ६ बजेदेखि वैशाख ७ गते साँझ ७ बजेसम्म झुलाघाट नाका बन्द रहने प्रजिअ शर्माले बताए। सीमा बन्द रहेको अवधिमा आकस्मिक रूपमा खोल्नुपरेमा आपसी सहमतिमा खोल्न सकिने जनाइएको छ। नाका बन्द गर्नका लागि भारतीय अधिकारीसँग यसअघि नै समन्वय भइसकेको छ। कुनै देशमा चुनाव हुँदा सीमा बन्द गर्ने चलन छ।

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८१/०१/०५)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०१/११

**बोलपत्र खोलिने मिति**
२०८१/०१/१२ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिको विवरण |
|---|---|---|---|
| १. | आवधिक कर्जा | **ऋणी : पशुपति ट्रेडर्स**<br>प्रा.फ.र.नं. : २७०२८/०६६/६७<br>ठेगाना : वीरगंज १३, पर्सा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. संजय प्रसाद कलवार**<br>(ना.प्र.नं. ३४३०२२-१/७२३, मिति २०६३/११/३० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : गोखुल प्रसाद<br>बाजे : रामक्षेत्री प्रसाद कलवार<br>**२. विजय प्रसाद कलवार**<br>(ना.प्र.नं. ३४३०२२-१/४६०, मिति २०६३/११/३० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : गोखुल प्रसाद<br>बाजे : रामक्षेत्री प्रसाद कलवार<br>**३. रमेश प्रसाद कलवार**<br>(ना.प्र.नं. ३४३०२२-१/३८२, मिति २०६३/११/२९ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : गोखुल प्रसाद<br>बाजे : रामक्षेत्री प्रसाद कलवार | पशुपति ट्रेडर्सको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सामा जिल्ला, रामगढवा गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. ७७७ (३३०.१८ व.मि.) र कि.नं. ७७९ (२७०.८७ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।श |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

# वन्यजन्तु सप्ताह

# सामुदायिक वनमा चरा अवलोकन



**भरतपुर**– २९औं वन्यजन्तु सप्ताहअन्तर्गत सोमबार चितवनमा चरा अवलोकन गरिएको छ। सामुदायिक वनमा चराको अवस्था पत्ता लगाउन सौराहाको जनकौली मध्यवर्ती सामुदायिक वनमा चरा अवलोकन गरिएको हो।

चराको अवस्था अध्ययन गर्नाका साथै संरक्षणकर्मीहरूलाई चरा संरक्षणमा भएका प्रयास र प्रजातिको बारेका जानकारी दिइएको बर्ड एजुकेसन सोसाइटीका पूर्वअध्यक्ष वासु विँडारीले बताए। उनका हनुसार यहाँका सामुदायिक वनमा पनि चराको राम्रो बासस्थान भएका क्षेत्र छन्। चितवनमा रहेका ६५५ प्रजातिमध्ये ५० प्रतिशत प्रजाति जनकौली सामुदायिक वनमा रहेका विँडारीले जानकारी दिए।

ओझेलमा रहेका जनकौली वनको प्रचारप्रसार र पर्यापर्यटनको विकासका लागि दबाब सिर्जना गर्न वन्यजन्तु सप्ताहको अवसरमा पारेर चरा अवलोकन कार्यक्रम राखिएको वर्ड एजुकेसन सोसाइटीका अध्यक्ष टीका गिरीले बताए।

मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समूहका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले सौराहाको काखैमा रहेको जनकौली वनमा पर्यापर्यटनको विकास गर्न नसकिएकामा चिन्ता व्यक्त गरे। चराको राम्रो बासस्थान रहेको जनकौलीमा पर्यटक आकर्षित गर्ने गतिविधि आवश्यक रहेको उनले बताए।

घिमिरेले पर्यटकलाई डुंगा सयर गराइरहेको जनकौलीमा निकट भविष्यमा जीप सफारी सञ्चालन गरी उपभोक्ताको जीविकोपार्जनको आधार तयार गरिने उल्लेख गरे। जनकौली वनका अध्यक्ष जोगेन्द्र महतोले यस वनमा चराको राम्रो बासस्थान रहेकाले यसको संरक्षण र प्रवर्द्धनमा जोड दिनुपर्ने बताए। अन्य देशबाट आउने चराहरूले जनकौलीमै बच्चा जन्माएर फर्किने गरेका उनको भनाइ छ।

जनकौली मध्यवर्ती सामुदायिक वनको आयोजना तथा चितवन राष्ट्रिय निकुञ्ज, मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समिति, वर्ड एजुकेसन सोसाइटी सौराहा र नेचर गाइड एसोसिएसन सौराहाको सहकार्यमा आवश्यक उपकरणको प्रयोग गरी चरा अवलोकन गरिएको थियो।

सप्ताहव्यापी कार्यक्रमअन्तर्गत मंगलबार वन्यजन्तु संरक्षणमूलक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता, वन्यजन्तु र मानिसबीचको सहअस्तित्वसम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता गरिएको छ। आज बुधबार डुंगा सयर, वैशाख ६ गते वन, वन्यजन्तु र वातावरण संरक्षणमूलक सचेतना र्‍याली गरिने आयोजकले जनाएको छ। *रासस*

## पञ्चेश्वर सा.व.उ.स. त्रियुगा नपा-१४ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

यस समूहले नियामानुसार संकलन गरी समुहको घाटगद्दीमा रहेको ०७७/७८ को लट नम्बर १ को साल जातको थान २३ को ३०९.३८ क्यू.फि, ०७८/७९ को लट नम्बर १ को साल जातको थान २९ को २०७६.७७ क्यू.फि, ०७९/८० को लट नम्बर १ को साल जातको थान ६५ को ७००.९८ क्यू.फि, काठ समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। बिस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

## प्रगतिशिल सा व उ स उदयपुरगढि गा पा ६ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

प्रगतिशिल सा व उ स उदयपुरगढि गा पा ६ को स्वीकृत कार्ययोजना अनुसार आ ब २०८०/०८१ मा उत्पादन भई घाटगदि गरि राखिएको लट नं १ साल जातको गोलिया थान ७७ को ९८३.८३ क्यु फिट, लट न २ असना गोलिया थान ५ को ४८.२० क्यु फिट, कर्मा गोलिया थान ४ को ६८.८३ क्यु फिट समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकोले प्रथम पटक यो २१ दिने सुचना प्रकशित गरिएको छ। बिस्तृप्त जानकारिको लागि समुहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

## नेपालफ्लिक्स अनलाईन फ्लिम्स प्रा.लि.
## कम्पनी खारेजीमा गएको हकदावीको सूचना

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा हालसम्म दर्ता नं. २०८५९९ कायम रहेको **नेपालफ्लिक्स अनलाईन फ्लिम्स प्रा.लि.** कम्पनीको मिति २०८०।१२।०८ मा सम्पन्न एकल शेयरधनीको लिखित निर्णयबाट विशेष प्रस्ताव पारित गरी कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेसन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमार्ण सहित सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न आउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघेर आएको निवेदन उपर कुनै उपचार नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**लिक्विडेटरको कार्यालय**
**दामासाही व्यवसायी श्री शिखर पण्डित**
**गान्धी एण्ड एशोसिएट्स प्रा.लि.**
**प्र.प.नं.: ५९४**
**सम्पर्क नं. ०१-४१०२८८८, मोबाइल नं.: ९८०११३३९०७**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोटक प्रकाशित मितिः २०८१/०१/०५**

यस कम्पनीको मिति २०७९/०७/२१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **आर्किड रिसर्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एभोकोडो एण्ड आर्किड रिसर्ट प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०७/२७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एभोकोडो एण्ड आर्किड रिसर्ट प्रा.लि.** (प्रा.लि.नं.५६१८/२०४९/०५०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TA-SHOU ELECTRONICS (M) SDN BHD**
पुर्व स्वीकृति मिति : २०८०/१२/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०४ | LT. No. 302151 | चलानी नं. ६०२१६९९६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : MAKANAN HASIL LAUT MEGAH SDN BHD**
पुर्व स्वीकृति मिति : २०८०/०२/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०४ | LT. No. 286276 | चलानी नं. ६०२०१६८५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : JEMCO MANUFACTURING SDN.BHD.**
पुर्व स्वीकृति मिति : २०८०/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०४ | LT. No. 286015 | चलानी नं. ६०२०१४४७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : CHY KOREAN RESTAURANT SDN BHD**
पुर्व स्वीकृति मिति : २०८०/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०४ | LT. No. 284040 | चलानी नं. ६०१९९४५३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 15 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**
Govt. License 902/067/68
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792
Email: khoji.nepal2022@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST**
पुर्व स्वीकृति मिति २०८०/१२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०४ | LT. No. 302947 | चलानी नं. ६०२१७७८५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 8 | 0 | 2500 | ८८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## १०८ कलाकारको स्वरमा बुद्ध भजन

नेपालका १०८ जना गायक गायिकाको स्वरमा रेकर्ड गरिएको श्लोक राखिएको 'त्रिशरण गमनम्' एल्बम् सार्वजनिक गरिएको छ । राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवले उक्त एल्बम् लोकार्पण गरेका हुन् । एल्बममा गौतम बुद्धप्रति समर्पित बौद्ध श्लोक (मन्त्रोचारण) 'बुद्धम् शरणम् गच्छामी...' समेटिएको छ । यति धेरै कलाकारको स्वरमा रेकर्ड भएको बुद्ध श्लोक (मन्त्रोचारण) यो नै पहिलो हो । श्लोकलाई भिडियोको रूपमा चाँडै नै तयार गरेर ल्याउने बुद्धशान्त पार्क निर्माण समितिका अध्यक्ष शान्तबहादुर शाक्यले जानकारी दिए ।





# ठमेलमा ५० कलाकारका ६० कला प्रदर्शनी



■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा ५० कलाकारका ६० कला प्रदर्शनी गरिएको छ । सरोङ आर्ट ग्रुपले सोञ्जा आर्ट ग्यालरीसँग सहकार्य गरी होटल आर्ट ठमेलमा तीनदिने कार्यशाला तथा कला प्रदर्शनी गरेको हो । उक्त प्रदर्शनीमा नेपाल, भारत र बंगलादेशका ५० कलाकारको कलाकृति राखिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं काठमाडौं क्षेत्र नं ७ का प्रतिनिधिसभा सदस्य गणेश पराजुलीले उक्त प्रदर्शनीको शुभारम्भ गरे । नेता पराजुलीले कला प्रदर्शनीको माध्यमबाट विभिन्न देशबीचको सम्बन्ध थप प्रगाढ भएको बताए । उनले यस्ता कला प्रदर्शनीले नेपालको कला क्षेत्रको विकासमा समेत सहयोग पुग्ने उल्लेख गरे ।

सोञ्जा आर्ट ग्यालरीका अध्यक्ष एवं होटल आर्ट ठमेलका सञ्चालक चिरञ्जीवी भट्टले नेपालको कला क्षेत्रलाई अन्तर ाष्ट्रियस्तरमा फैलाउने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको बताए । सन् २००४ देखि सोञ्जा आर्ट ग्यालरीले नेपाली कलालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने काम गरिरहेको उनको भनाइ छ ।

बंगलादेशका वरिष्ठ फोटोग्राफर डा. इमरान विन युनुसले संस्कृति र प्रकृतिले सुन्दर नेपालमा कला प्रदर्शन गर्नु भारत र बंगलादेशी कलाकारका लागि खुसीको कुरा भएको प्रतिक्रिया दिए । तीन दिनसम्म चल्ने कला प्रदर्शनीमा बंगलादेशका वरिष्ठ कलाकार सफिक अहमद सजिव, अजिजुल कादिर, रफिया अख्तर, भारतीय वरिष्ठ कलाकार रेहेमान पटेल, डा. सुवया याम निला, नारायण सुकम्बरलगायतका चित्र राखिएका छन् ।

पाँच देशका छ स्थानमा कला प्रदर्शन गरिसकेको सरोङ आर्ट ग्रुपले सातौं कला प्रदर्शन नेपालमा गरेको ग्रुपका अध्यक्ष नारगिस सोमाले जानकारी दिए । उक्त ग्रुपले यसअघि जापान, श्रीलंका, बंगलादेश र भारतमा कला प्रदर्शन गरिसकेको छ ।

# सिद्धार्थ आर्ट ग्यालरीमा 'भारतको सामूहिक अभिव्यक्ति'

**काठमाडौं (प्रस)–** ३० वर्षअगाडि रोजगारीको सिलसिलामा भारत पुगेका हेम रानाले नेपालमा 'भारतको सामूहिक अभिव्यक्ति'को पहिलो प्रदर्शनी गरिरहेका छन् । गत वर्षको अन्तिममा बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा सुरु गरिएको प्रदर्शनीमा अमित कल्ला, सिआर एम्ब्राम, हिम्मत ग्यारी, एमडी सुलेमान, रवि ठाकुरलगायत १२ चित्रकारका चित्र छन् ।

रंगमञ्च र चित्रकलालाई मनोरञ्जनका प्रारम्भिक क्षेत्र मानिए पनि युवाको आकर्षण भने कम देखिन्छ । यद्यपि भारतमा केही वर्षयता प्रदर्शनी व्यवस्थापन गर्ने काम (क्युरेट) गरिरहेका रानाले लामो प्रयासपछि नेपालमा भारतीय कलाकारका अमूर्त शैलीका चित्र प्रदर्शनी गर्न सम्भव भएको बताए ।

'भारतमा चित्रकला प्रदर्शनी गरे पनि नेपालमा आउन समय नै लाग्यो । मलाई सिद्धार्थमै प्रदर्शनी गर्नु थियो । गत वर्षदेखि योजना बनाएर अहिले प्रदर्शनी भइरहेको छ,' रानाले भने, 'यहाँ राखिएका चित्रले भारतीय संस्कृतिलाई व्यक्त गरेको छ । एउटा कलाकारका लागि यो प्रदर्शनीले लाभ दिने छ ।'

आफू जन्मेको देश नेपाल र कर्म दिएको देश भारतबीच सांस्कृतिक साइनो प्रगाढ पार्न यस्ता प्रदर्शनी सहयोगी विश्वास उनको छ । रानाले चित्रकलामा निरन्तरता दिएमा भविष्य उज्ज्वल रहेको बताए । 'चित्र बनाउन गाह्रो छ, त्यसलाई ग्यालरीसम्म ल्याउन झन् गाह्रो तर निरन्तरता दिएमा अवश्य सफल भइन्छ । हाम्रो समूहमा केही नयाँ र केही पुराना छन्, उनीहरूको अनुभवले पनि यसलाई निरन्तरता दिन प्रेरणा दिन्छ,' उनले भने ।

उनका अनुसार ग्यालरीमा विभिन्न उमेरका दर्शक प्रदर्शनी अवलोकन गर्न आइरहेका छन् । यद्यपि संख्यात्मक रूपमा परिपक्क अनुहारलाई बढी देखिएको बताए । पहिलो प्रदर्शनीमार्फत उत्साहित राना वार्षिक रूपमा एउटा प्रदर्शनी नेपालमा गर्ने तयारीमा छन् ।

दुई देशको सम्बन्ध र सद्भावलाई चित्रकलाको माध्यमले बढाउन यस्ता प्रदर्शनी उपयोगी हुने कलाकार एससी सुमनले बताए । उनले भने, 'भारतबाट १२ जना आएर आफ्नो अभिव्यक्तिलाई चित्रकलामार्फत व्यक्त गरेका छन् । यसले कला र संस्कृतिलाई आदानप्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । निकट भविष्यमा हामी पनि नेपाली कलाकार लगेर भारतमा प्रदर्शनी गर्ने तयारीमा छौं ।'

पछिल्लो समय नेपालमा चित्रकलामा सम्भावना देखिएको उनको विश्लेषण छ । गत वर्ष वि.सं. २०८० मा भएका गतिविधिले यस वर्ष निरन्तरता पाउने मात्र नभई बृहत् रूप लिने उनको विश्वास छ । 'गत वर्ष नेपालका सातै प्रदेशमा भएको प्रदर्शनीले स्थानीय चित्रकलालाई अगाडि आउन मद्दत गऱ्यो । अहिले प्रदर्शनी बढिरहेका छन्, यसले कलाकारलाई ग्यालरीसम्म ल्याउन ठूलो मद्दत गरेको छ,' कलाकार सुमनले भने । गत चैत २७ गतेदेखि सुरु भएको प्रदर्शनी यही वैशाख १० गतेसम्म चल्ने छ ।

## साहित्यकार पंगेनीको निधन

**कास्की (प्रस)–** पोखरेली साहित्यकार तथा गीतकार प्रकट पंगेनी 'शिव'को निधन भएको छ । उपचारका क्रममा उनको मंगलबार दिउँसो निधन भएको हो ।



पंगेनीको परिवारले जानकारी दिएअनुसार निमोनियाका कारण स्वास्थ्यमा गम्भीर समस्या देखिएपछि उनलाई मणिपाल शिक्षण अस्पतालमा भर्ना गरिएको थियो । उनको उपचारका लागि आर्थिक संकलन अभियानसमेत थालिएको थियो । पोखरेली युवा सांस्कृतिक परिवारले सहयोग संकलनको अगुवाइ गरेको थियो । तर, उनको उपचार सफल हुन सकेन ।

कविता, गीत तथा शृंगारिक गजलमा उनी प्रख्यात थिए । प्रकटका कविता, गजलका किताब प्रकाशित छन् । 'तगारो छेउ आएर पनि आँगनी टेकिनौ'जस्ता चर्चित गीत पनि उनले रचना गरेका छन् ।



# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु

## स्थानीयस्तरबाट खेलाडी तयार गर्न राज्यले विशेष ध्यान दिनुपर्नेमा राष्ट्रपति पौडेलको जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले खेलकुदका माध्यमबाट देशलाई विश्वमाझ चिनाउन स्थानीयस्तरबाट नै खेलाडी तयार गर्न राज्यले विशेष ध्यान दिन जरुरी रहेको बताएका छन् । युवा तथा खेलकुद मन्त्रालयद्वारा मंगलबार यहाँ आयोजित १४औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलकुद विकासका लागि आवश्यक स्रोत, साधन, दक्ष प्रशिक्षक र पूर्वाधार निर्माणमा राज्यले विशेष जोड दिनुपर्ने बताएका हुन् ।

'गाउँगाउँमा विकासका विभिन्न पूर्वाधार निर्माण गरेजस्तै खेलकुदको पनि विकास गर्नुपर्छ । शिक्षा र खेलकुद एक सिक्काका दुई पाटा हुन् । कक्षाकोठाको शिक्षाले विद्यार्थीको आँखा र मस्तिष्क खुलाउँछ भने खेलकुदले मस्तिष्क, हातखुट्टा र मनलाई क्रियाशील तथा अनुशासित बनाउँछ,' राष्ट्रपति पौडेलले भने, 'विशेषत खेलाडी गाउँ, जिल्ला र प्रदेशमै टिक्न र भविष्य बनाउन सक्छन् भन्ने सुनिश्चितता दिन स्थानीय तह र प्रदेश सरकारको विशेष ध्यान पुग्न जरुरी छ, खेलाडीको भविष्य सुनिश्चित गर्न निजी क्षेत्रले पनि उत्तिकै हातेमालो गर्नुपर्छ भन्ने लाग्छ ।'

विद्यार्थीको खेलकुदमा संलग्नता समृद्धि, सफलता र समाज निर्माणको आधार भएको जनाउँदै उनले विद्यार्थी खेलकुदमा निरन्तर अग्रसर हुँदा उनीहरूमा नयाँ विचार र नवप्रवर्तन क्षमता पनि विकास हुने बताए । राष्ट्रपति पौडेलले खेलको विकास, खेलाडीलाई हौसला, प्रोत्साहन र पुरस्कार तथा आवश्यक प्रशिक्षणसहितको रोजगारीको व्यवस्था गरी खेलको विकासमा सरकार र सरोकारवालाले पर्याप्त ध्यान दिनुपर्ने आवश्यकता औंल्याए ।

उनले विद्यालय तहमा केन्द्रित रहेर खेल प्रतिभाको खोजी गरी भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भई राष्ट्रको छवि उच्च बनाउन योगदान पुऱ्याउन सक्ने खेलाडी तयार गर्ने उद्देश्यका साथ यो कार्यक्रम आयोजना हुनु प्रशंसनीय भएको बताए ।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले यस प्रतियोगितामा उत्साहजनक सहभागिता रहेको जनाउँदै आफूले मन्त्रालय सम्हालेदेखि दशरथ रंगशालाको मैदानलगायतको क्षेत्रमा सुधार भएको दाबी गरे । राष्ट्रपति पौडेलले पारा तेक्वान्दो खेलाडी ओलम्पियन पलेशा गोवर्धनले ओलम्पिक टर्च प्रदान गरेसँगै पलेशाले दीप प्रज्ज्वलन गरे । दीप प्रज्ज्वलन गर्नुअघि ओलम्पिक टर्चलाई ट्र्याकमा परिक्रमा गराइएको थियो । टर्च परिक्रमा ओलम्पियन देबु थापा, कमलबहादुर अधिकारी र हरि रिमाल पनि सहभागी थिए ।

चीनको ताइयाङमा भएको एसियाली छनोट प्रतियोगिताअन्तर्गत के-४४ क्याटगोरीको महिला ५७ केजीमुनि पलेशाले स्वर्ण पदक जित्दै पेरिस पारा ओलम्पिकमा स्थान सुरक्षित गरिसकेकी छन् । पलेशा एसियाली पारा खेलकुदमा पदक जित्ने पहिलो र एक्लो नेपाली खेलाडी हुन् । पलेशाले चीनको हाङझावमा भएको चौथो एसियाली पारा खेलकुदमा ऐतिहासिक कास्य पदक जितेकी थिइन् ।

तीनदिने उक्त प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी छ खेलका खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगितामा सातै प्रदेशबाट ६८६ खेलाडीको सहभागिता रहेको छ । एथलेटिक्स त्रिपुरेश्वरस्थित दशरथ रंगशाला, भलिबल राखेपको कभर्डहल, कबड्डी लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्र, कराते सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हातामा अवस्थित कराते हल, तेक्वान्दो सातदोबाटोस्थित तेक्वान्दो हल र उसु त्रिपुरेश्वरस्थित राखेपको सेमी कभर्डहलमा हुने छ ।

प्रतियोगितामा ५६ स्वर्णका लागि प्रतिस्पर्धा हुने छ । एथलेटिक्सको छात्र/छात्रामा समान १३-१३ गरी २६ स्वर्णपदक, कराते, तेक्वान्दो र उसुको छात्र/छात्रामा समान छ-छ गरी ३६ स्वर्ण तथा भलिबल र कबड्डीको छात्रछात्रमा समान एक/एक गरी चार स्वर्णका लागि प्रतिस्पर्धा हुने छ । त्यस्तै उद्घाटन कार्यक्रममा मार्च पास, अक्सिडेन्टल पब्लिक स्कुलका विद्यार्थीको नृत्य, उसु खेलाडीको प्रस्तुति, डान्स स्पोर्ट्स संघको प्रस्तुति, नाइटिंगेल स्कुलका विद्यार्थीको सातै प्रदेशको संस्कृति झल्कने नृत्य प्रस्तुति रहेको थियो ।

# पुरुष भलिबलको उपाधि बौदीकालीलाई



रामपुर (पाल्पा)- अन्तरपालिकास्तरीय खुल्ला पुरुष भलिबल खेलको उपाधि बौदीकाली गाउँपालिका नवलपुरले हात पारेको छ । पाल्पाको निस्दी गाउँपालिकामा आयोजना भएको प्रतियोगिताको फाइनलमा चापाकोट नगरपालिका स्याङ्जालाई ३-० को सोझो सेटले हराउँदै बौदीकालीले उपाधि चुम्न सफल भएको हो ।

फाइनल खेलमा पहिलो, दोस्रो र तेस्रो सेट बौदीकालीले क्रमशः २५-२२, २५-१८ र २५-१४ जित्यो । चापाकोट उपविजेता बन्दा घिरिङ गाउँपालिका तनहुँ तेस्रो भएको छ । निस्दी गाउँपालिकालाई २५-१३, २५-२२ र २८-२६ अंकसहित ३-० को सोझो सेटमा पराजित गर्दै घिरिङ तेस्रो भएको छ भने निस्दी गाउँपालिका चौथो भएको छ ।

उत्कृष्ट खेलाडी बौदीकाली गाउँपालिकाका विश्वास अधिकारी, उत्कृष्ट स्पाइकर बौदीकाली गाउँपालिकाका अशोक श्रेष्ठ, उत्कृष्ट सेटर बौदीकालीका दानबहादुर गाहा, उत्कृष्ट डिफेण्डर चापाकोट नगरपालिकाका राजन दर्लामी, उत्कृष्ट सर्भर घिरिङ गाउँपालिकाका सुजन राना, उत्कृष्ट ब्लकर चापाकोटका विवश थापा र उत्कृष्ट कोच बौदीकालीका सञ्जित सिञ्जाली घोषित भएका छन् ।

प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरेले विजेतालाई पुरस्कार वितरण गरे । विजेता टोलीले एक लाख ३० हजार, दोस्रो हुनेले ८० हजार, तेस्रो हुनेले ५० हजार र चौथो हुनेले २५ हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरका गरी छ समूहले प्रतियोगितामा सहभागिता जनाएका थिए । दोस्रो निस्दी कृषि, पर्यटन, सांस्कृतिक तथा खेलकुद महोत्सवको अवसरमा भलिबल प्रतियोगिता आयोजना गरिएको हो । *रासस*

# इजरायल आक्रमणपछि इरानद्वारा आणविक केन्द्र बन्द



**संयुक्त राष्ट्रसंघ–** इरानले सप्ताहन्तामा इजरायलमाथि ठूलो मात्रामा ड्रोन र मिसाइल हमला गरेपछि 'सुरक्षाका कारण' आफ्नो आणविक केन्द्रहरू अस्थायीरूपमा बन्द गरेको संयुक्त राष्ट्रसंघको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार बताएका छन् ।

राष्ट्रसंघीय सुरक्षा परिषद्को बैठकका क्रममा पत्रकारहरूहरूले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीलाई आक्रमणको प्रतिशोधमा इरानी आणविक केन्द्रहरूमा इजरायली आक्रमणको सम्भावनाप्रति चिन्तित छन् भनी प्रश्न गरेका थिए ।

'हामी सधैं यसको सम्भावनाको बारेमा चिन्तित छौं, म के भन्न सक्छु भने इरानमा आणविक केन्द्रहरूको निरीक्षण गरिरहेका हाम्रा निरीक्षकहरूलाई इरान सरकारले हिजो आइतबार सुरक्षाका कारण सबै आणविक केन्द्र बन्द रहने छ भनेर जानकारी गराएको छ,' उनले भने । उनका अनुसार सोमबार आणविक केन्द्रहरू पुनः खुल्नुपर्ने थियो तर निरीक्षकहरू अर्को दिनसम्म फर्कने छैनन् । 'अत्यधिक संयमता' अपनाउन आग्रह गर्दै उनले भने, 'स्थिति पूर्णशान्त नभएसम्म मैले निरीक्षकहरूलाई फर्कन नदिने निर्णय गरेँ ।'

दमास्कसमा आफ्नो वाणिज्य दूतावासको भवनमा भएको हवाई आक्रमणको जवाफमा इरानले आइतबार राति इजरायलमाथि ३०० भन्दा धेरै ड्रोन र मिसाइल प्रहार गरेको थियो । दमास्कसमा भएको इजरायली आक्रमणमा इरानका दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए ।

इजरायल र उसका सहयोगीहरूले इरानका अधिकांश हतियारलाई खसाएको थियो र इरानी आक्रमणमा सामान्य क्षति भएको थियो तर सम्भावित इजरायली प्रतिशोधका बारेको चिन्ताहरूले पुनः क्षेत्रीय युद्धको डर उत्पन्न गरेको छ । इजरायलले पहिला पनि यस क्षेत्रमा आणविक स्थलहरू विरुद्ध कारबाही गरिसकेको छ ।

सन् १९८१ मा वासिङ्टनले विरोध गरे पनि इजरायलले सद्दाम हुसेनको इराकमा ओसिरिक आणविक रिएक्टरमा बम हमला गरेको थियो । साथै उसले सन् २०१८ मा ११ वर्षअघि सिरियामा एउटा रिएक्टरविरुद्ध उच्चस्तरको गोप्य हवाई हमला सुरु गरेको स्वीकार गरेको थियो ।

तेहरानले इजरायलमाथि सन् २०१० मा दुई इरानी आणविक भौतिकविद्को हत्या गरेको र गत वर्ष एउटा अर्को अपहरण गरेको आरोप लगाएको छ। यसका साथै सन् २०१० मा स्टक्सनेट भाइरसको प्रयोगमार्फत परिस्कृत साइबर हमलाका कारण युरेनियम संवर्द्धनका लागि प्रयोग गरिने इरानी सेन्ट्रिफ्युजमा शृंखलाबद्ध तरिकाले खराबी आएको थियो । तेहरानले यसका लागि इजरायल र संयुक्त राज्य अमेरिकालाई दोष दिएको थियो । इजरायलले इरानमाथि आणविक बम हासिल गर्न चाहेको आरोप लगाएको छ । इरानले उक्त आरोपलाई अस्वीकार गरेको छ ।

### 'उपेक्षापूर्ण' प्रतिक्रियाविरुद्ध इजरायललाई चेतावनी

यसैबीच इरानका राष्ट्रपति रायसी इब्राहिमले इजरायललाई सप्ताहन्तमा इरानको अभूतपूर्व ड्रोन र मिसाइल आक्रमणप्रति 'सानो पनि कदम' चाले 'पीडादायी प्रतिक्रिया' को सामना गर्नुपर्ने चेतावनी दिएका छन् ।

सिरियास्थित दमास्कस वाणिज्य दूतावासमा अप्रिल १ मा भएको हवाई आक्रमणको जवाफमा शनिबार इरानले इजरायलमाथि पहिलो प्रत्यक्ष आक्रमण गरेको थियो। दूतावासमा भएको आक्रमण इजरायलले गरेको आरोप इरानले लगाएको छ ।

उक्त आक्रमणमा इरानी दूतावासको पाँच तले कन्सुलर खण्ड ध्वस्त भएको थियो भने दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए । 'इरानको हितविरुद्ध थोरै पनि कारवाहीप्रति निश्चितरूपमा गम्भीर, व्यापक र पीडादायी जवाफ दिइने छ भन्ने हामी दृढतापूर्वक घोषणा गर्दछौं,' राष्ट्रपति रायसीले सोमबार राति कतारका अमिर शेख तमिम बिन हमद अल थानीसँगको टेलिफोन वार्तामा भने ।


उनले इरानले 'आत्मरक्षा' का लागि काम गरेको दोहोऱ्याए । उनको कार्यालयको विज्ञप्तिमा अपरेसनले वाणिज्य दूतावासमा आक्रमण गर्न प्रयोग हुने इजरायली आधार हरूलाई लक्षित गरिएको उल्लेख छ। उनले इजरायलका लागि केही पश्चिमी सरकारको समर्थनको आलोचना गरे ।

व्यापक क्षेत्रीय द्वन्द्वको आशंकाका कारण विश्वका नेताहरूले संयमता अपनाउन आग्रह गरेको भए पनि इजरायली सशस्त्र बलका प्रमुख लेफ्टिनेन्ट जनरल हर्जी हलेवीले सोमबार अभूतपूर्व आक्रमणको जवाफ दिइने वाचा गरे । 'इजरायली क्षेत्रमा यति धेरै मिसाइल, क्रुज मिसाइल र युएभीको प्रक्षेपणको जवाफ दिइने छ,' हलेवीले नेवातिम एयरबेसमा सैनिकहरूलाई भने ।

अमेरिका र अन्य सहयोगीको मद्दतमा अधिकांश इरानी हतियारलाई खसाइएको र आक्रमणमा न्यूनतम क्षति मात्र भएको इजरायली सेनाले बताएको छ । इरानले इजरायलमा आफ्नो 'सीमित' आक्रमण गर्नुअघि अमेरिकालाई सूचित गरेको र छिमेकी मुलुकहरूलाई ७२ घन्टाको चेतावनी दिएको बताएको छ । *रासस/एएफपी*

# अपेक्षाभन्दा राम्रो प्रदर्शन गर्दै चीनको अर्थतन्त्र

## पहिलो त्रैमासमा ५.३ प्रतिशतले वृद्धि




**हङकङ–** चीनको अर्थतन्त्र वर्षको पहिलो तीन महिनामा अपेक्षाभन्दा द्रुत गतिमा विस्तार भएको छ। वृद्धि र बलियो मागलाई उत्तेजित गर्ने नीतिहरूले आर्थिक वृद्धिलाई मद्दत गरेको सरकारले जनाएको छ ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनमा जनवरी-मार्चमा वार्षिक आधारमा ५.३ प्रतिशतले आर्थिक वृद्धि भएको छ । विश्लेषकहरूले ४.८ प्रतिशतले वृद्धि हुने अनुमान गरेका थिए । अघिल्लो त्रैमासिकको तुलनामा अर्थतन्त्र १.६ प्रतिशत बिन्दुले बढेको छ । चीनको अर्थतन्त्रले कोभिड-१९ महामारीबाट सुधारमा आउन संघर्ष गर्नुपरेको छ । कोभिड-१९ महामारीका कारण मागमा मन्दी र रियल स्टेटमा देखिएको संकटका कारण आर्थिक विकास प्रभावित भएको थियो ।

चीनले आफ्नो निर्यात मार्चमा अघिल्लो वर्षको तुलनामा ७.५ प्रतिशतले घटेको र आयात पनि कमजोर भएको बताएको थियो । मुद्रास्फीतिका कारण रियल स्टेट क्षेत्रमा देखिएको संकटले सुस्त मागको अपस्फीति दबाबलाई प्रतिविम्बित गर्दछ ।

पहिलो त्रैमासिकका लागि औद्योगिक उत्पादन गत वर्षको तुलनामा ६.१ प्रतिशतले माथि रहेको र खुद्रा बिक्री ४.७ प्रतिशतको वार्षिक आधारमा बढेको छ । कारखाना र उपकरणमा स्थिर लगानी अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४.६ प्रतिशतले बढेको छ ।

अक्सफोर्ड इकोनमिक्सका चिनियाँ अर्थशास्त्री लुइस लूका अनुसार जनवरी-मार्चमा मजबुत वृद्धिलाई 'व्यापक उत्पादनको राम्रो प्रदर्शनले सहयोग गरेको छ भने चन्द्र नववर्षको बिदा र नीतिहरूका कारण उत्सवमा बढेको घरेलु खर्चले लगानीलाई बढाउन सहयोग गरेको छ ।

बेइजिङले अर्थतन्त्रलाई बढाउन चाहेकाले नीति निर्माताहरूले वित्तीय र मौद्रिक नीति उपायहरूको एउटा शृंखला जारी गरेका छन् । चीनले सन् २०२४ का लागि करिब पाँच प्रतिशतको महत्त्वाकांक्षी कूल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धि लक्ष्य निर्धारण गरेको छ ।

यस्तो बलियो वृद्धिले सामान्यतया क्षेत्रभर सेयर मूल्य उच्च पार्ने भए पनि मंगलबार वाल स्ट्रिटमा स्टकहरू पछि हटेपछि एसियाली सेयरहरू तीव्ररूपमा घटेको छ । *रासस/एपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLITZ LOUNGE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/०४ LT. No 291345 चलानी नं. ६०२०६५३३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,६६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,६६५ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 150 | ६४,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARKAN ALIA GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०९/०१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०४ LT. No. 296597 चलानी नं. ६०२११६१२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | drilling worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १७ गते (29th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RASA PEST CONTROL & BUILDING CLEANING SERVICE.

पूर्व स्वीकृति मिति : २०८०/१२/१२ LT. No. 302298 चलानी नं. ६०२१७२१४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 2 | 0 | 1200 | ४३,५९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger | 2 | 2 | 1200 | ४३,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KIYUMI ENERGY

पुर्व स्वीकृति मिति २०८१/०१/०३ LT. No. 303506 चलानी नं. ६०२१८३३७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1 | Concrete Mason | 1 | 0 | 120 | ४१,७६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 120 | ४१,७६५ | | | | | | | |
| 3 | Stone Mason | 1 | 0 | 120 | ४१,७६५ | | | | | | | |
| 4 | Tile Layer | 1 | 0 | 120 | ४१,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.
श्रम ईजाजत नं. ३११/०५९/०६० वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOTAL SECURE FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०८१/०१/०४ LT. No. 293703 चलानी नं ६०२१८३४५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAHAD MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ९८१/०६७/०६८
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३९२०० | प्रति तोला - १३८५५० | प्रति तोला - १७५० |



**पुनहिलमा पर्यटक** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पुनहिलमा सोमबार बिहान सूर्योदय, गुराँसे जंगल र हिमशृंखला अवलोकन गर्दै पर्यटक ।
*तस्बिरः सन्तोष गौतम/रासस*

आगामी बजेटमा विज्ञहरूको सुझाव

## ठूलो होइन, कार्यान्वयनमुखी बजेट ल्याऊ

■ प्रभाव संवाददाता

**काठमाडौं–** विज्ञहरूले आगामी आर्थिक वर्षका लागि कार्यान्वयनमुखी बजेट ल्याउन सुझाव दिएका छन् । राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको मंगलबार सिंहदरबारमा भएको बैठकमा विज्ञहरूले सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायमा आधारित भई लैंगिक उत्तरदायी बजेट ल्याउनुपर्नेमा जोड दिएका हुन् ।

आगामी आर्थिक वर्ष २०८१/८२ को सम्बन्धमा पूर्वबजेट छलफलमा विज्ञहरूको सुझाव लिइएको थियो । उनीहरूले दिगो कृषि विकास, ऊर्जा, पर्यटन क्षेत्रको विकासका साथै वातावरणमैत्री बजेट ल्याउन समितिमार्फत सरकारलाई सुझाव दिएका छन् । अर्थविद् डा. गोविन्द नेपालले ठूलो बजेट ल्याउने र कार्यान्वयनमुखी नहुँदा वित्तीय असन्तुलन बढेको भन्दै कार्यान्वयनमुखी बजेट ल्याइनुपर्ने खाँचो औंल्याए । उनले कृषि आधुनिकीकरण, सूचना प्रविधि, ऊर्जा, पर्यटनलगायतका विषयलाई प्राथमिकतामा राखेर




बजेट ल्याउन सुझाव दिए । डा. नेपालले सार्वजनिक खर्चको वित्तीय असन्तुलन न्यूनीकरण गर्न सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदन पूर्णरूपमा कार्यान्वयन गरेर बजेट ल्याइनुपर्ने धारणा राखे ।

काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. अच्युत वाग्लेले नेपालको अर्थतन्त्रको संरचनालाई वातावरणमैत्री बनाउन जरुरी भएको उल्लेख गरे । उनले बजेटमा दिगो कृषिको विकास, दिगो उत्पादन र वातावरणमैत्री विषयलाई प्राथमिकता दिनुपर्ने बताए ।

सामाजिक अभियन्ता एवं विज्ञ भारती सिलवाल गिरीले लैंगिक समानता र महिला सशक्तीकरणका मुद्दालाई आगामी बजेटले समेट्नुपर्ने सुझाइन् । 'लैंगिकमैत्री बजेट ल्याइनुपर्छ, यसले सामाजिक न्यायसहितको सुशासन प्रवर्द्धन हुने भएकाले सरकारलाई पनि सहयोग पुग्छ,' उनले भनिन् ।

बैठकमा राष्ट्रिय सभाकी उपाध्यक्ष विमला घिमिरेले विज्ञहरूको राय सुझावले आगामी बजेटलाई समृद्ध बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरिन् । समितिकी सभापति कमलादेवी पन्तले आगामी बजेट महिलामैत्री, वातावरणमैत्री, सुशासनमैत्री तथा सामाजिक न्यायमा आधारित दलित, पिछडिएका, सीमान्तकृत समुदायलाई सम्बोधन गर्ने हुनुपर्ने धारणा राखिन् ।

समितिका सचिव डा. रोजनाथ पाण्डेले विज्ञहरूबाट आएका राय सुझावको मस्यौदालाई समितिले पारित गरेर अर्थ मन्त्रालयमा पठाउने जानकारी दिए । बैठकमा सांसद घनश्याम रिजाल, झक्कुप्रसाद सुवेदी, उर्मिला अर्याल, तारामान स्वार, तुलप्रसाद विश्वकर्मा, भुवनबहादुर सुनार, सावित्री मल्लगायतले विज्ञको सुझाव समितिका लागि महत्त्वपूर्ण रहेको र यसलाई बजेटमा समावेश गर्न समितिले पहल गर्नुपर्नेमा जोड दिए ।

## महालेखापरीक्षकमा राया सर्वसम्मत अनुमोदन

**काठमाडौं (प्रस)–** संसदीय सुनुवाइ समितिले महालेखापरीक्षकमा सिफारिस भएका तोयम रायालाई सर्वसम्मतिले अनुमोदन गरेको छ । समितिका सभापति पशुपतिशमशेर जबराले प्रस्तावित महालेखापरीक्षकमा रायाको नाम सर्वसम्मतिले अनुमोदन गरेको बताए ।

प्रस्तावित रायाले १५ पेजको कार्ययोजना प्रस्तुत गर्दै बेरूजु कम गर्नका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्ययोजनामा स्वतन्त्रता र संस्थागत सुदृढीकरण परिवर्तित संघीय शासन प्रणालीअनुरूप महालेखापरीक्षकको कार्यालयको संगठन पुनःसंरचना गरिने रहेको उल्लेख छ ।

त्यस्तै, सार्वजनिक लेखापरीक्षणलाई गुणस्तरीय, जवाफदेही र विश्वसनीय बनाउन नैतिक संगठनका पूर्वाधारहरू तयार गरिने, लेखापरीक्षणका लागि विद्यमान रणनीतिक योजनाको कार्यान्वयन, भावी रणनीतिक योजनाको तयारी, निर्माण र कार्यान्वयन गरिने, वित्तीय अनुशासन पालना गर्न, गराउन सरोकारवाला सबै पक्षसँग अन्तर्क्रिया, समन्वय, सहकार्य र



सम्बन्ध विस्तार गरिने कार्ययोजना रहेको छ ।

पूर्वमहालेखापरीक्षक एवं पूर्वकर्मचारीसँग अनुभवको आदानप्रदान तथा सुधारका विभिन्न पक्षहरूमाथि निरन्तर छलफल चलाइने र सुधारका लागि सुझाव लिइने, आन्तरिक संस्थागत सम्बन्ध सुदृढ गर्न सार्वजनिक लेखा समिति, संवैधानिक निकाय, नागरिक समाज, निजी क्षेत्र, तिनै तहका सरकार, संसद्/सभा र नेतृत्व, तथा आन्तरिक लेखापरीक्षण गर्ने निकायसँग समन्वय र सहकार्य गरिने पनि उनले आफ्नो कार्ययोजनामा उल्लेख गरेका छन् ।

लेखापरीक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध विस्तार, विकासका साझेदारसँग समन्वय र सहकार्य गरिनुका साथै संस्थागत समन्वयमार्फत सरोकारवालाबीच सहकार्य गरी लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गरिने उनले बताए । लेखापरीक्षणमा व्यावसायिकताको विकासमा आधुनिक लेखापरीक्षण प्रविधि, डेटा एनालिटिक्स र सूचना प्रविधिसम्बन्धी सीपहरूमा ध्यान केन्द्रित गर्दै लेखापरीक्षकहरूका लागि व्यापक प्रशिक्षण कार्यक्रममार्फत मानव संशाधन विकास गर्दै लगिने उनको प्रतिबद्धता छ ।

संवैधानिक परिषद्को गत चैत १८ गतेको बैठकले रायालाई महालेखापरीक्षक पदमा नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको थियो । सुनुवाइ समितिबाट सर्वसम्मत अनुमोदन भएसँगै उनको नियुक्तिका लागि बाटो खुलेको छ ।

## 'निजी क्षेत्रको मनोबल बढाउन सरकार प्रतिबद्ध'



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले निजी क्षेत्रसँगको सहकार्यबाटै अर्थतन्त्रलाई गतिशील बनाउन सकिने बताएका छन् । नेपाल उद्योग परिसंघको २१औं वार्षिकोत्सव समारोहका अवसरमा उनले निजी क्षेत्रको मनोबल बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे ।

'अर्थतन्त्रको सुधारका लागि सरकार गम्भीर छ,' प्रधानमन्त्री दाहालले भने, 'निजी क्षेत्रसँगको सहकार्यबाटै अर्थतन्त्रलाई गतिशील बनाउन सकिन्छ भन्नेमा म स्पष्ट पनि छु । अर्थतन्त्र सुधारका लागि सरकारले सकारात्मक हस्तक्षेप गरेको छ, गरिरहन्छ ।'

उनले निजी क्षेत्रको मनोबल बढाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने र परिणाममुखी कामका लागि प्रोत्साहित गर्ने काममा सरकार जिम्मेवार भएर लागिरहेको स्पष्ट पारे । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबाट सरकारले सुधार गर्न खोजेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले अर्थतन्त्रको सवलीकरण मात्रै नभई देखिने गरी नयाँ उत्साह र सन्देश प्रवाह गर्ने तयारीमा सरकार लागिपरेको बताए ।

निजी क्षेत्रको समस्या अर्थतन्त्रको समस्या भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, 'निजी क्षेको समस्या भनेको अर्थतन्त्रको समस्या हो । अर्थतन्त्रमा रहेको समस्या समाधान गर्नसक्ने पूर्ण क्षमता यो सरकारमा छ र समाधान गर्नेछ ।'

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगी व्यवसायीको माग सम्बोधन गर्दै औद्योगिक वातावरण बनाउन सरकार तयार रहेको बताए । कार्यक्रममा निजी उद्योगी व्यवसायीका छाता संगठनका अध्यक्ष एवं प्रतिनिधिहरूको सहभागिता थियो ।

**कर्पोरेट**

## सिटिजन्स बैंकको वार्षिकोत्सवमा छुट योजना




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो १७औं वार्षिकोत्सवको उपलक्ष्यमा आकर्षक योजनाहरू सार्वजनिक गरेको छ । डिजिटल बैंकिङलाई उच्च प्राथमिकतामा राख्दै आएको यस बैंकले विभिन्न सेवामा भारी छुट तथा क्यासब्याकलगायतका योजना ल्याएको हो । यही वैशाख ७ गते बैंकले वार्षिकोत्सव मनाउँदै छ । सोही वार्षिकोत्सवलाई ध्यानमा राखेर बैंकले वैशाख १ गतेदेखि छुट योजना लागू गरेको जानकारी दिएको छ । यो योजना वैशाख ३१ गतेसम्म चालु रहने बताइएको छ ।

यस योजनाअन्तर्गत डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताहरूले पस (पिओएस) मेसिन र अनलाइनमार्फत एक हजार रूपैयाँ वा सोभन्दा बढीको कारोबार गर्दा १७ प्रतिशत वा बढीमा १७० रूपैयाँ क्यासब्याक दिइने बैंकले जनाएको छ । यसैगरी सिटिजन्स स्मार्टमार्फत क्युआर कोड स्क्यान गरी भुक्तानी गर्ने ग्राहकहरूका लागि पनि ५०० रूपैयाँ वा सोभन्दा बढीको कारोबार गर्दा १७ प्रतिशत वा बढीमा १७० रूपैयाँ क्यासब्याक प्रदान गरिने बैंकले जनाएको छ ।

## तीन अर्बको ऋणपत्र ल्याउँदै नेपालएसबिआई बैंक



**काठमाडौं (प्रस)–** नेपाल एसबिआई बैंक लिमिटेडले तीन अर्ब रूपैयाँ बराबरको ऋणपत्र 'नेपाल एसबिआई ऋणपत्र, २०९०' निष्कासन गर्ने भएको छ । बैंकले ऋणपत्र बिक्री प्रबन्धकको रूपमा नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडलाई नियुक्त गरेको छ । बैंकको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा दुवै पक्षले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

उक्त सम्झौतापत्रमा नेपाल एसबिआई बैंक लिमिटेडका नायब प्रमुखकार्यकारी अधिकृत राजेशकुमार पंडा र नबिल इन्भेष्टमेन्ट बैंकिङका प्रमुख कार्यकारी अधिकृत श्री मनिषनारायण जोशीले हस्ताक्षर गरेका छन् । नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रारको कार्यालयलगायतका सम्पूर्ण नियामक निकायको स्वीकृतिपश्चात् ऋणपत्र निष्कासन गरिने बैंकले जनाएको छ ।

## नेप्से परिसूचक निरन्तर ओरालो

**काठमाडौं (प्रस)–** निरन्तर ओरालो लागिरहेको सेयरबजार मंगलबार पनि रोकिएन । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार १४.८१ अंकले घटेको नेपाल स्टक एक्सचेन्जले जनाएको छ । यससँगै नेप्से एक हजार ९९१.७१ बिन्दुमामा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.२६ अंकले ओरालो लागेर ३५३.५१ मा सिमित भएको छ । कारोबार भएका कूल १३ वटै उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ । नेप्सेका अनुसार कूल ५४ लाख ७१ हजार ६८ कित्ता सेयर दुई अर्ब १० करोड ३० लाख १९ हजार रूपैयाँ मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा गुर्खाज फाइनान्स शीर्ष स्थानमा छ । सो कम्पनीको १७ करोड ५९ लाख ७८ हजार रूपैयाँ बराबरको कारोबार भएको छ । सूर्यज्योति लाइफ इन्स्योरेन्स सात करोड ४३ लाख ५३ हजार, पोखरा फाइनान्स छ करोड ६८ लाख ९८ हजार, सर्वोत्तम सिमेन्ट चार करोड ५९ लाख ८१ हजार र शिवम् सिमेन्ट चार करोड ४७ लाख ४३ हजार रूपैयाँ बराबर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

एसबिएस ऋणपत्र ९.९९, गोर्खाज फाइनान्स ९.९६, सिभिल बैंकको ऋणपत्र ८.१९, ग्रीन डेभलपमेन्ट बैंक ५.०२ र दिव्यश्वरी हाइड्रोपावरका लगानीकर्ताले ४.०४ प्रतिशतले कमाएका नेप्सेले जनाएको छ । त्यस्तै, रुरु जलविद्युत् परियोजनाले १०, पोखरा फाइनान्स ६.७४, सिवाइसी नेपाल लघुवित्त ६.५०, डोल्टी पावर ५.६० र जनउत्थान सामुदायिक लघुवित्तका लगानीकर्ताले ५.०६ प्रतिशतले गुमाएका छन् ।

## बिहीबारदेखि लेखा व्यवसायीहरूको तेस्रो राष्ट्रिय सम्मेलन

**काठमाडौं (प्रस)–** लेखा व्यवसायीहरूको तेस्रो राष्ट्रिय सम्मेलन बिहीबारदेखि राजधानीमा आयोजना हुने भएको छ । चार्टर्ड एकाउन्टेन्टहरूको नियमनकारी निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)को आयोजनामा दुईदिने सम्मेलन हुन लागेको हो । संस्थाले मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै सम्मेलनको तयारी पूरा भएको जानकारी गराएको छ ।

संस्थाका अध्यक्ष सुजनकुमार काफ्लेका अनुसार सम्मेलनमा नेपालको लेखा प्रणालीमा भएको विकास, अन्तर्राष्ट्रिय अभ्यास र आगामी दिनमा गर्नुपर्ने सुधारसहितका विषयमा प्रस्तुतीकरण तथा गहन छलफल हुने छ । सम्मेलनमा एक हजारभन्दा बढी लेखा व्यवसायी सहभागी हुने अपेक्षा गरिएको उनले बताए । नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुने सम्मेलनको उद्घाटन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले गर्ने कार्यक्रम छ ।

सम्मेलनमा लेखा व्यवसायीहरूको अन्तर्राष्ट्रिय नियामक निकाय इन्टरनेशन फेडेरेसन अफ एकाउन्टेन्ट्स (आइएफएसी)का अध्यक्ष अस्मा रेसमौकीले प्रमुख वक्ताको रूपमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ । आइक्यानका पूर्वअध्यक्ष तथा काउन्सिल मेम्बर युद्धराज ओलीका अनुसार अन्तर्राष्ट्रिय नियामक निकायका प्रमुखको सहभागिता हुनु नेपालका लागि महत्त्वपूर्ण विषय हो । नेपालले लेखा व्यवसायमा भित्राएको अन्तर्राष्ट्रिय अभ्यास सरोकारवालालाई सुनाउन र सरोकारवालाका कुरा सुन्ने उद्देश्यले यस्तो सम्मेलन आयोजना गर्न लागिएको उनले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ